वर्गदृष्टि

Bargadristi Weekly

साप्ताहिक

क्रान्तिकारी पत्रकार महासंघले दियो यस्तो चेतावानी

काठमाडौं । क्रान्तिकारी पत्रकार महासंघले शुक्रबार एक प्रेस वक्तव्य जारी गरी प्रश्न सोधेकै आधारमा सूचना तथा सञ्चार मन्त्री गोकुल बाँस्कोटाले प्रेस तथा अभिव्यक्ति स्वतन्त्रतामाथि ठाडो हस्तक्षेप गरी नेपाल टेलिभिजनबाट प्रसारित 'सिधा कुरा' बन्द गर्न लगाएको घटनाको घोर विरोध एवम् भर्त्सना गर्दै नेपाल टेलिभिजनबाट प्रसारित 'सिधा प्रश्न' र न्यूज २४ टेलिभिजनबाट प्रसारित 'सिधा कुरा जनतासँग' कार्यक्रम बन्द नगराउन चेतावानी दिएको छ । क्रान्तिकारी पत्रकार महासंघका केन्द्रीय अध्यक्ष इन्द्र राउत र काठमाडौं जिल्ला संयोजक रामचन्द्र हुमागाईले छुट्टाछुट्टै वक्तव्य जारी गरी यस्तो चेतावानी दिएका हुन् ।

अध्यक्ष राउत र हुमागाईले जारी गरेको वक्तव्यमा सञ्चार तथा सूचना प्रविधि मन्त्री गोकुल बाँस्कोटाको ठाडो निर्देशनमा नेपाल ...बाँकी ७ पेजमा

वर्ष ३ अङ्क १ पूर्णाङ्क ९९ २०७५ असार ४ गते सोमबार Monday, June 18, 2018 पृष्ठ ८ मूल्य रु. १०।-

'सरकारको विकल्पको खोजी सडकबाटै'

● वर्गदृष्टि संवाददाता

तीन वाम पार्टीहरूद्वारा काठमाडौंको शान्ति बाटिकामा बिहीवार संयुक्त रूपमा आयोजित विरोध प्रदर्शनको कार्यक्रममा वक्ताहरूले संयुक्त वाम आन्दोलन अबको एकमात्र विकल्प रहेको बताएका छन् । ओली सरकारको चार महिना सकिन नपाउँदै पेट्रोलियम पदार्थमा भएको पाँचपाँच पटक मूल्य वृद्धि, दैनिक उपभोग्य सामानमा मूल्य बृद्धि तथा देश र जनताका विरुद्धमा भइरहेका राष्ट्रघाती एवम् जनघाती सन्धिसम्झौताका विरुद्ध आयोजित विरोध कार्यक्रममा सो कुरा बताइएको हो ।

विरोध कार्यक्रमका प्रमुख अतिथि तथा देशभक्त जनगणतान्त्रिक मोर्चाका अध्यक्ष सीपी गजुरेलले अब जनताका जनजीविकाका समस्याहरूको उचित सम्बोधन भएन भने सडक सङ्घर्ष एक मात्र विकल्पका रूपमा बाँकी रहने चेतावनी दिएका छन् । उनका अनुसार यदि मूल्य घटाएर पुरानै स्थितिमा लगिएन भने अब ओली सरकारको विकल्प सडकबाट खोजी गरिने छ । उनले भने- 'सरकारको विकल्पको कुरा गर्दा मुख मिठ्याएर बसेका पुष्पकमल दाहाल वा शेरबहादुर देउवा कसैले पनि आफ्नो पालो आइहाल्छ कि भनेर साइत जुराउनु पर्ने र नयाँ दौरासुरुवाल सिलाएर ठीक्क परिहाल्नु पर्ने कष्ट गर्नुपर्ने छैन । जनताले यसको विकल्प सडक आन्दोलनबाट दिने छन् ।'

सम्बोधनको क्रममा गजुरेलले स्पष्ट गरे- 'समृद्ध नेपाल र सुखी नेपालीको नारा दिएर सत्तामा विराजमान हुन पुगेको ओलीको सरकारले चार महिनाको छोटो अबधिभित्रै जनताले थेगी नसक्ने महङ्गीको उपहार दिएको छ । 'समाजवाद निर्माण' को यात्रामा रहेको सरकार अझ त्यो पनि 'वाम सरकार' ले जनतालाई गुमराहमा पारेर स्वेच्छाचारी किसिमले गरेका यी सबै कुराहरू जनविरोधी चरित्रको सरकारले गर्ने खालका भएकाले यी कसैका लागि पनि सैह्य छैनन् ।'

यसो गर्दै जाने र मूल्यवृद्धि तथा जनविरोधी कदमहरू सच्याएर सरकार जनताको निगरानीमा अघि नबढे त्यसको विकल्प जनताले सडकबाटै दिने कुरा पनि गजुरेलले बताए ।

अर्का अतिथि वक्ता नेकपाका पीबीएम् उमा भुजेलले यो सरकार जनताको पक्षमा नरहेको उल्लेख गर्दै 'बिषको विरुवा रोपेपछि बिष नै फल्ने हुनाले वर्तमान सरकारले जनतालाई बिषरूपी महङ्गी, तस्करी, कालोबजारी ...बाँकी ७ पेजमा

विशेष सम्पादकीय

'वर्गदृष्टि' तेस्रो वर्षमा प्रवेश

वर्गदृष्टि मिडिया प्रा.लि. द्वारा प्रकाशित हुँदै आएको जनपक्षीय मिडिया 'वर्गदृष्टि साप्ताहिक' प्रकाशनको दोस्रो वर्ष पुरा गरी तेस्रो वर्षमा प्रवेश गरेको छ । यस अवसरमा हामी सुरुमै आम पाठक वर्ग, विज्ञापनदाता, लेखक तथा स्तम्भकारका साथै प्रकाशन परिवार र हाम्रो प्रकाशनमा प्रत्यक्ष तथा परोक्ष रूपमा सहयोग पुऱ्याउनु हुने सहयात्रीबीच खुशी साटासाट गर्न चाहन्छौं । र सबैमा हार्दिक बधाई तथा शुभकामना आदान प्रदान गर्न चाहन्छौं ।

नेपालको पत्रकारिताको क्षेत्रमा वर्गदृष्टि साप्ताहिकले जनपक्षीय तथा प्रगतिशील एवं क्रान्तिकारी समाचार र विचारलाई प्रमुखताका साथ प्रस्तुत गर्दै आएको छ । मूलधारका भनिएका मिडियाहरूले जनपक्षीय समाचार र विचारलाई 'ब्लाकआउट' गर्दै आएको परिवेशमा हाम्रो यस प्रकाशनले राष्ट्रियता, जनतन्त्र र जनजीविकाका सवालहरूलाई तिख्खर रूपमा दायित्वबोधका साथ प्रस्तुत गर्दै आएको छ । अहिले राज्यको चौथो अंगको रूपमा रहेको मिडिया जगतले खेल्नुपर्ने आलोचनात्मक भूमिका खेल्न नसकिरहेको र मूलधारका भनिएका मिडियाहरू कर्पोरेट हाउस र सत्ताका मुखपत्र जस्ता बनिरहेको अवस्थामा वर्गदृष्टि जस्ता जनपक्षीय मिडियाहरूले नै आलोचनात्मक भूमिका निर्वाह गर्दै आएका छन् ।

आर्थिक व्यवस्थापनको चरम संकट, पर्याप्त जनशक्तिको अभाव र आवश्यक साधन स्रोतको सीमाका बीच वर्गदृष्टि साप्ताहिकले आफ्नो प्रकाशनलाई नियमित रूपमा प्रकाशन गर्दै आएको छ । विज्ञ पाठक वर्गको रचनात्मक आलोचना तथा सुझावका आधारमा वर्गदृष्टि साप्ताहिकलाई अझ परिस्कृत र गुणस्तरीय बनाउँदै लैजाने यस अवसरमा प्रतिबद्धता व्यक्त गर्दछौं ।

'मूल्य घटाएर पुरानै स्थितिमा नलगिए ओली सरकार नरहने'

काठमाण्डौ । देशभक्त जनगणतान्त्रिक मोर्चा नेपालका अध्यक्ष सीपी गजुरेलले जनतालाई आक्रान्त बनाउँदै एक्कासी आकाशिएको 'मूल्य घटाएर पुरानै स्थितिमा लगिएन भने अब ओली सरकार नरहने' चेतावनी दिएका छन् । तीन वाम पार्टीहरूद्वारा काठमाडौंको शान्ति बाटिकामा बिहीवार संयुक्त रूपमा आयोजित विरोध प्रदर्शनको कार्यक्रमलाई सम्बोधन गर्ने क्रममा उनले उक्त कुरा बताएका हुन् । वर्तमान ओली सरकार स्वेच्छाचारी, अटेरी र जनविरोधी बन्दै गएकाले अब संयुक्त वाम आन्दोलन अबको एकमात्र विकल्प रहेको ...बाँकी ७ पेजमा

देजमो १ नं. प्रदेशले प्रदेश सरकारलाई बुझायो ३८ बुँदे ज्ञापनपत्र

विराटनगर । नेपाल कम्युनिस्ट पार्टी (क्रान्तिकारी माओवादी) समर्थित देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपाल १ नं. प्रदेशले प्रदेश सरकारलाई ३८ बुँदे ज्ञापनपत्र बुझाएको छ । मोर्चाका केन्द्रीय कार्यालय सदस्य तथा प्रदेश नं. १ का संयोजक नगेन्द्र राईको नेतृत्वमा गएको एक टोलीले प्रदेश सरकार प्रमुख तथा मुख्यमन्त्री शेरधन राईलाई उक्त ज्ञापनपत्र बुझाएको हो । जेठ २८ गते बुझाइएको ज्ञापनपत्रमा राष्ट्रियता, जनतन्त्र तथा जनजीविका सहित प्रदेशका मागहरू समेटेर ज्ञापनपत्र बुझाइएको छ ।

देजमोले बुझाएको उक्त ज्ञापनपत्रको भूमिकामा लेखिएको छ, "सरकार अहिले पनि पुरानै व्यवस्थाको पदचाप पछ्याई रहेको छ । महङ्गी, अभाव, बेरोजगारीका समस्या, भ्रष्टचार, अनियमितता, नातावाद, कृपावाद, पक्षपात, घुसखोरी, कमिशनतन्त्र राज्यको सम्पूर्ण अङ्ग र तहमा व्याप्त छ र संस्थागत भएको छ । राजनीतिलाई अपराधीकरण, ...बाँकी ६ पेजमा

'(ने क पा)को दोसल्ला ओढेर मार्क्सवादमाथि सांघातिक हमला'

काठमाडौं । नेकपा (क्रान्तिकारी माओवादी)का महासचिव मोहन वैद्य 'किरण'ले एकातिर संशोधनवादीहरूद्वारा लोकतान्त्रिक गणतन्त्रका नाममा र अर्कोतिर प्रविधिको विकासको नाममा मार्क्सवादी विचारमाथि हमला भइरहेको बताएका छन् । राष्ट्रिय क्रान्तिकारी बुद्धिजीवी मञ्च नेपाल र नेपाल राष्ट्रिय प्राध्यापक सङ्गठन को संयुक्त आयोजनामा नेपाल ल क्याम्पसमा शनिवार दिउँसो भएको कार्लमार्क्सको २०० औं वर्षविशेष कार्लमार्क्स पुस्तक विमोचन तथा अन्तरक्रिया कार्यक्रममा उक्त कुरा बताएका हुन् ।

प्रमुख अतिथिको आसनबाट बोल्दै किरणले लोकतान्त्रिक गणतन्त्रको नाममा संशोधनवादीहरूले संसदवादको औजारहरूद्वारा मार्क्सवादमाथि गुलिया गोलीहरू वर्षाउँदै आक्रमण गरिहेको कुरा खुलस्त गरेका छन् । उनले भने- 'मार्क्सको २०० औं वर्ष संशोधनवादी कम्युनिस्टहरूले ...बाँकी ७ पेजमा

दाहालको नजरमा 'महान् जनयुद्ध पाप'

एमालेसँगको एकता 'मोक्ष प्राप्त गर्ने सुनौलो अवसर'

काठमाण्डौं । नेकपाका अध्यक्ष पुष्पकमल दाहालले आफूले नेतृत्व गरेको महान् जनयुद्धलाई पाप कर्मको सङ्ज्ञा दिएका छन् । चितवन भरतपुर स्थित पार्टी कार्यालयमा बुधवार बिहान भएको पार्टी कार्यकर्ताको प्रशिक्षण कार्यक्रममा उपस्थित कार्यकर्तालाई सम्बोधन गर्ने क्रममा दाहालले यस्तो अभिव्यक्ति दिएका हुन् ।

दाहालले जनयुद्धका बखत देश र जनताका नाममा केही काम गर्न नसकिएको र उल्टै पाप गरिएको कुरातर्फ घुमाउरो सङ्केत गर्दै हाल संसदीय एकमना सरकार भएका बेला देश र जनताको पक्षमा काम गर्न सके विगतमा गरिएका सबै पाप पखालिने बताएका छन् ।

हाल आफू पार्टी एकतापछि नेकपा नाम गरेको महासागरमा रहेको र त्यहाँ नुहाएपछि आफ्ना सबै पाप पखालिने कुरामा उनी ढुक्क देखिन्छन् । त्यो महासागरमा विगतका आफ्ना भएजतिका सबै गल्ती र पाप पखालिएपछि उनको मोक्ष प्राप्तिको बाटो खुल्नेमा उनी विश्वस्त छन् । कार्यकर्ता भेटघाटका क्रममा उनले 'पार्टी एकताको महासागर भनेको मोक्ष प्राप्त गर्ने महत्वपूर्ण अवसर हो, एकताको यो महासागरले हिजोका सबै पाप पखालिने छ' भनी बारम्बार दोहर्‍याइरहे ।

पार्टी एकीकरणको महासागरमा आफ्नो गल्ती र पाप पखालिने बेलामा कार्यकर्ताका हिजोका धूलोमैलो पनि पखालिने भएकाले यो अवसरको नचुकेर उपयोग गर्न दाहालले उपस्थित सबै कार्यकर्तालाई सुझाएका पनि छन् । यसरी महासागरमा नुहाएपछि गुबन्दी र अन्तरघात पनि कम हुँदै जाने आशासमेत् प्रकट गर्न उनले छुटाएका छैनन् ।

भखैरै ललितपुरमा निर्मित एउटा भव्यमहल छोरीहरूलाई साइत जुराएर यही महिना स्वामित्व सुम्पिएका दिएका दाहालले उपस्थित ...बाँकी ७ पेजमा

बजेटको आलोचनाभन्दा व्यवस्थाको विकल्प खोजौं !

संसदीय शासन प्रणाली भनेको मूलतः पुँजीपति वर्गको हित गर्ने शासन प्रणाली हो । यो संसदीय शासन प्रणालीअनुसार काम गर्ने सरकारले न जनताको पक्षमा नीति कार्यक्रम ल्याउँछ, न बजेट नै

● रामसिंह श्रीस ●

अहिले सरकारको नीति तथा कार्यक्रम र बजेट आएपछि त्यसको आलोचनात्मक टिप्पणी प्रतिक्रियाहरू सञ्चार माध्यमहरूमा आइरहेका छन् । प्रायजसो टिप्पणीहरू चुनाव घोषणापत्रमा उल्लेख भएअनुसार सरकारको नीति र बजेट आएन भन्ने छ । सरकारको नयाँ आर्थिक बजेट घोषणापछि महङ्गी ह्वात्तै बढेको छ । पेट्रोलियम पदार्थको मूल्य बृद्धि गरिएको छ । महङ्गीविरुद्ध सडकमा विरोधका कार्यक्रमहरू आउन थालेका छन् । तर सरकार दैनिक उपभोग्य समानहरूमा भएको मूल्य बृद्धिलाई सुनेकै छैन ।

पहिलो कुरो उनीहरूको (नेकपा एमाले र नेकपा माके) संयुक्त चुनावी घोषणा पत्रमा नै आधारभूत परिवर्तनको कुराहरू छैन । क्रान्तिकारी भूमिसुधार, मजदुरहरूको हक अधिकार प्राप्तिको कुरा त्यहाँ छैन भन्दा पनि हुन्छ । अहिले नेपाली जनताको आधारभूत आवश्यकता भनेको दलाल तथा नोकरशाही पुँजीपति र सामन्त वर्गको हातमा भएको राज्यसत्ता ध्वस्त पारेर आम नेपाली श्रमिक जनताको राज्यसत्ता निर्माण गर्नु हो । यो आधार भूत कुरा उनीहरूको चुनावी घोषणा पत्रमा छैन । त्यहाँ तत्काल जनताको भोट तान्ने फोस्रा गुलिया नाराहरू मात्र छन् । फोस्रो विकास र समृद्धिका कुराहरू मात्र गरिएको छ । त्यही फोस्रो विकास र समृद्धिका कुराहरूलाई पनि उनीहरूले सरकारको नीति र बजेटले समेटेन । यस्तो हुनु स्वभाविक थियो र आम शोषित पीडित जनताको पक्षमा सरकारको नीति र बजेट आउनै सक्दैन । किनभने उनीहरूले सर्वोत्कृष्ट भनेको संविधानमा भनिएको छ "नेपालको शासकीय स्वरूप बहुदलवादमा आधारित बहुदलीय प्रतिस्पर्धात्मक सङ्घीय लोकतान्त्रिक गणतान्त्रिक संसदीय शासन प्रणाली हुनेछ" (संविधान धारा ७४) ।

संसदीय शासन प्रणाली भनेको मूलतः पुँजीपति वर्गको हित गर्ने शासन प्रणाली हो । यो संसदीय शासन प्रणालीअनुसार काम गर्ने सरकारले न जनताको पक्षमा नीति कार्यक्रम ल्याउँछ, न बजेट नै । तर उनीहरूले आम श्रमिक जनताको पक्षमा काम गरेको नाटक भने गर्दछन् । त्यसैले संसदीय व्यवस्थालाई 'खसीको टाउको देखाएर कुकुरको मासु बच्ने' व्यवस्था भनिन्छ । उनीहरूको चुनावी घोषणापत्र खसीको टाउको थियो भने सरकारको नीति कार्यक्रम र बजेट कुकुरको मासु हो । खसीको टाउको देखाएर पनि दिने त कुकुरकै मासु हो । त्यसकारण, चुनावी घोषणा पत्रमा जे जे भनिए पनि त्यसअनुसार सरकारको नीति, कार्यक्रम र बजेट नआउनु स्वभाविक हो । घोषणापत्रअनुसार बजेट आएन भन्नुको कुनै अर्थ छैन ।

सरकारले पुँजीपतिवर्ग अर्थात् अर्को शब्दमा ...बाँकी ७ पेजमा

सम्पादकीय

हवाइ रूट भूपरिवेष्ठित देशको अधिकार

भारतले नेपालका लागि थप हवाइ रुटहरूको स्वीकृति दिएको छ । दुवै देशहरूबीच भएको सहमतिअनुसार उक्त रुटहरूको स्वीकृति दिइएको हो । आपसी छलफल र लामो गृहकार्यपछि छिमेकी भारतले नेपाललाई थप तीन स्थानबाट हवाई प्रवेश विन्दु उपलब्ध गराउन राजी भएको हो । स्वीकृत थप तीन स्थानहरूमा रुटको सम्भाव्यता अध्ययन ढिला नगरिकन गरिएमा अबको एक वर्षपछि ती तीन रुटबाट नेपालमा विमानहरू भित्रिइन र बाहिर जान सक्ने छन् ।

हालसम्म भारतीय आकाशहुँदै नेपाल प्रवेश गर्ने हवाइ रुट सिमरा मात्र छ । यो बाहेक अरु रुटको स्वीकृति भारतले नदिँदा एउटै रुट भएर नेपाल प्रवेश गरेका विमानहरूको नेपाली आकाशमा ठूलो ट्राफिक जाम हुने गरेको छ । यसका साथै पश्चिम-नेपाल र मध्य-नेपालबाट त्रिभुवन विमानस्थल काठमाडौंमा विमानहरू भित्रिइँदा सिमरा पुग्नै पर्दछ । यसले जहाज एकै रुटमा थुप्रन पुग्ने समस्या निम्त्याएको छ । जहाजहरू यसरी एउटै रुटमा थुप्रन पुग्दा यसले दूर्घटनाको समस्यालाई पनि बढाउने गरेको छ ।

त्रिभुवन विमानस्थलमा आइपुग्दा एउटै रुट भएर आएका विमानहरू घण्टौं काठमाडौंको आकाशमाथि जाम भएर घुमिरहनु पर्ने बाध्यता निम्त्याएको छ । हाल भएको सहमतिअनुसार भारतले नेपाल आउने जहाजलाई महेन्द्रनगर-नेपालगञ्ज, जनकपुर र वीरगञ्जबाट रुट दिने भएपछि माथि उल्लेखित समस्यामा स्वतः कमी आउने देखिन्छ ।

यसअघि सन् २०१६ मा निकै चासो र चिन्ताका साथ नेपालले भारत सरकारसामु थप रुट खुलाउन अनुरोध गरेको थियो । यसको अर्थ यो भन्दा पहिले हवाइ रुट खुलाउन कुनै पनि चासो प्रकट नगरिएको र प्रयासहरू अघि नबढाइएको भन्ने होइन, तर भारतीय सरकारले त्यसको सुनुवाइसम्म पनि गरेको थिएन ।

नेपालजस्तो भूपरिवेस्ठित देशले स्वतः पाउनु पर्ने हवाइ रुटको सुविधाबाट नेपाल लामो समयदेखि बञ्चित रहँदै आएको छ । नेपालमा ठूलाठूला हवाई दूर्घटनाहरू हुन थालेपछि भारतीय सरकारले नेपाललाई हवाई रुट उपलब्ध नगराएको कुरामा अन्तर्राष्ट्रिय चासो पनि बढ्दै गयो । नेपालकै शासक प्रशासकहरूले त कत्तिको पहल गर्न सके, त्यो आफ्नो ठाउँमा होला नै । तर विश्वमा एउटा प्रजातान्त्रिक देशका रूपमा आफूलाई चिनाउने भारतका लागि यो लज्जाको विषय भने बन्न पुग्यो ।

यही राष्ट्रिय तथा अन्तर्राष्ट्रिय दबाब तथा चासोलाई मध्यनजर गरेर वैशाखमा भारतीय प्रधानमन्त्री मोदीको नेपाल भ्रमणका बखत यसबारेमा उच्चस्तरमा केही कुराकानी पनि भएका थिए । कुराकानी अनुसार छिट्टै गरिने भनिएको यो काममा हाल सहमति भएको छ र अब एक वर्षभित्रै नेपालले ती नयाँ रुटहरूबाट निर्वाधरूपमा नेपाली तथा विदेशी जहाज भित्रने र बाहिर पठाउने कार्यलाई स्तन्त्ररूपमा सञ्चालन र अनुगमन गर्न पाउने छ ।

नेपाल नागरिक उड्डयन प्राधिकरण र भारतीय विमानस्थल प्राधिकरणका अधिकारीबीच बिहिबारदेखि काठमाडौंमा भएको छलफल हवाइ रुटको प्राविधिक अध्ययन गरी कार्यान्वयनमा ल्याउने सहमतिका साथ सम्पन्न भएको छ । यसका लागि दुई देशका प्राविधिकहरूले संयुक्तरूपमा रुट निर्धारण तथा सुरक्षा गृहकार्य गर्ने भएका छन् । यसका लागि नेपालको तर्फबाट प्रस्तावित रुटहरूको डिजाइन, अध्ययन तथा मूल्याङ्कनको रिपोर्ट सन् २०१८ को जुनसम्म भारतीय पक्षलाई बुझाइसक्नुपर्ने छ ।

रिपोर्ट बुझाएको तीन महिनापछि अर्थात् सेप्टेम्बरसम्म भारतले अध्ययन गरेपश्चात् दुवैपक्षबीच वैठक बसी सहमति भएका रुट कार्यान्वयनमा आउने छन् । नेपालले गर्नु पर्ने काममा जनकपुर, विराटनगर र महेन्द्रनगर रुटबाट सिमापार उडानका लागि आवश्यक रुटको सुरक्षा मूल्याङ्कन, डिजाइन आदि परेका छन् । यी रुटहरू सञ्चालन पूर्व नेपाल सरकारले नेपालगञ्ज, धनगढी, जनपुर र विराटनगरबाट भारतका विभिन्न सहरमा उडान गर्नलाई पूर्वाधार विकास गरिसक्नु पर्ने छ ।

लेखकहरूमा अनुरोध

१. यस वर्गदृष्टि साप्ताहिक तथा मूलबाटो डटकमका लागि लेख/रचना पठाउँदा एक हजार शब्दमा नबढाइकन आफ्नो लेख/रचना पठाइदिनु हुन,
२. कम्प्युटर टाइप गरी पठाउँदा शुक्रबारसम्म र हस्तलिखित पठाउँदा बुधबारसम्म पत्रिकाको कार्यालयमा वा इमेलमा पठाइदिनु हुन,
३. सकेसम्म छोटा र सरल वाक्य प्रयोग गरिदिनु हुन हार्दिक अनुरोध छ ।

सम्पादन विभाग, वर्गदृष्टि मिडिया

परिवर्तनको सम्वाहक
मूलबाटो
सत्यतथ्य निष्पक्ष खबर तथा विचारका लागि सधैँ हेर्ने र पढ्ने गरौँ ।
www.moolbato.com

वर्तमान व्यवस्था र क्रान्तिको भूमिका

दिनेश शर्मा

१. विषय प्रवेश

यतिबेला नेपालमा सर्वहारा वर्गीय आन्दोलन कमजोर व्यवस्थाबाट गुज्रिरहेको छ । खासगरी माओवादी पार्टीको नेतृत्वमा सञ्चालित दश वर्षको भीषण वर्ग सङ्घर्ष स्थगन गरेर जब शान्ति प्रक्रियाका नाममा पार्टी भूमिगत अवस्थाबाट खुल्ला अवस्थामा ल्याए तबदेखि नै एकातिर वर्ग सङ्घर्ष कमजोर बन्न पुग्यो र प्रतिक्रियावादी वर्ग तथा यथास्थितिवादी शक्ति सबल र समृद्ध बन्दै गए । त्यतिमात्रै होइन, दश वर्षको वर्ग सङ्घर्षको प्रमुख नेतृत्व गर्दै आएका प्रचण्ड र बाबुराम भट्टराई जस्ता व्यक्तिहरू मार्क्सवाद-लेनिनवाद-माओवादको आधारभूत सिद्धान्तविरुद्ध खडा भए । प्रतिक्रियावादी शक्तिका अगाडि घुँडा टेके र अन्त्यमा वैचारिक रूपमा मात्र होइन, व्यवहारिक रूपमा नै समाप्त भए । सर्वहारा वर्गीय क्रान्तिका निमित्त यो अत्यन्तै ठूलो धोखा र गद्दारी थियो । वैचारिक रूपमा टाट पल्टेका र न्यून ज्ञान र चेतना भएका अन्य कतिपय व्यक्तिहरूको पिछलग्गुपनाले झनै नेपाली कम्युनिस्ट आन्दोलनभित्रको समस्याको थप उजगार गरिदियो ।

यसका कारण प्रतिक्रियावादी वर्ग तथा अवसरवादीहरूको एउटा हिस्सालाई जनतामाथि शोषण, दमन र उत्पीडन थोपर्न बाटो खुल्ला जस्तो भएको छ भने न्यून चेतना भएका इमान्दार तप्का त्यसबाट निराश बन्न पुगेको छ । जनतामात्र होइन, कार्यकर्ता र कतिपय नेतृत्वको तहमासमेत् त्यसको प्रभाव जबर्जस्त रूपमा परेको छ । वैचारिक रूपमा खरिएका व्यक्तिहरूमा समेत् त्यस प्रकारको वस्तुगत प्रभावले पटकपटक मानस पटलमा आक्रमण गर्ने गरेको पाइन्छ । त्यसैले, यतिबेला प्रतिक्रियावादी वर्ग तथा प्रतिक्रियावादी वर्गमा छिटो भन्दा छिटो परिणत हुँदै गएको संशोधनवादी गद्दारहरूको एउटा झुण्ड जो सत्तामा बसेर राज्यको दुरूपयोग गर्न पाइराखेको छन्, तिनीहरू बढी नै उत्साहित देखिन पुगेका छन् । सत्तामा हालिमुहाली गर्न नपाएको एउटा ठूलो हिस्सा उत्साहित होइन, बरु निराश नै छ । तर वैचारिक शुन्यता भएकाहरू पद नपाएका कारण असन्तुष्टी जाहेर गर्दछन्, त्यो पनि रुन्चे स्वरमा । यसलाई ट्र्याकमा ल्याउन अथवा वर्ग सङ्घर्षमा होम्न सबैभन्दा पहिला क्रान्तिकारी शक्तिले आफ्नो पङ्क्तिलाई समृद्ध, एकतावद्ध गर्नुपर्छ । साथै, सरकार तथा संसदीय पार्टीका जनविरोधी हर्कतहरूको व्यापक मात्रामा भण्डाफोर गर्दै वर्ग सङ्घर्ष उठानका निमित्त आधारभूमि तयार पार्नु पर्छ । अवसरवादी हावाहुरीका सबैखाले झोक्काहरूलाई तोड्दै आफैभित्रको अवसरवादी फोहोरमैला पखाल्दै उदारता, उदासिनता तथा अकर्मण्यताविरुद्ध सङ्घर्ष गर्न आवश्यक छ । तब मात्र क्रान्तिकारीहरूले वर्ग सङ्घर्षको उठान मात्र होइन, सबै प्रकारका जनविरोधी विचार, प्रतिक्रियावाद र अवसरवादलाई परास्त गर्दै ढुलमुले तप्कालाई क्रान्तिको मार्गमा ल्याउन सकिन्छ । यसमा सचेतपूर्वक भूमिका निर्वाहको आवश्यकता छ ।

२. अवसरवादी झुण्डको एकता

नेपाली कम्युनिस्ट आन्दोलनका क्रममा २०२८ सालमा भएको झापा आन्दोलन त्यति व्यापक, भव्य र लामो समयसम्म नचलेको भएता पनि वर्ग सङ्घर्षको एउटा कडी थियो । उक्त सङ्घर्षबाट आएका झापालीहरू विभिन्न समुहसँगको एकता पश्चात् बनेको माले पार्टी र पछि एमालेहुँदै प्रतिक्रियावादमा पतन हुन कम्तिमा पनि १५-२० वर्ष लागेको छ । तर व्यवस्थित, भव्य र भीषण वर्ग सङ्घर्षका १० वर्ष पार गरेको प्रचण्ड र बाबुराम भट्टराईहरू प्रतिक्रियावादमा पतन हुन १० वर्ष पनि लागेन । छिटो छिटो वैचारिक घुम्टो उदाङ्गो बनाउँदै व्यवहारतः प्रतिक्रियावादमा पतन भएका दुईवटा नामधारी पार्टीहरू अन्ततः छुट्टा-छुट्टै अस्तित्वमा रहन सक्तैन थिए । जनयुद्धबाट भएका नेता कार्यकर्ताहरूको मानसिकता साफ गर्न प्रचण्डले पहिलो चरणमा एमालेसँग एकता गर्नुपर्छ भनेर बहस गराए । दोस्रो चरणमा निर्वाचनमा कथित वामको नाम दिएर एमालेसँग संयुक्त भए र उम्मेद्वार उठाए भने तेस्रो चरणमा गएर पार्टीको एकता गरे । नेपालमा कम्युनिस्टप्रति जनताको सद्भाव, सम्मान आशा र विश्वास अत्यन्तै धेरै भएका कारण जनताको त्यो विचार र भावना बुझेर भ्रम दिनका खातिर एउटा लोगोको रूपमा झुण्ड्याएर राख्न आफूलाई 'कम्युनिस्ट पार्टी' भनिरहेका छन् ।

> **वर्तमान सरकार कथित वामका नाममा विभिन्न तामझामका साथ बनेको सरकार हो । पहिलो कुरा यो सरकार वाम सरकार होइन । किनकि ओली र दाहालले नेतृत्व गरेको पार्टी कम्युनिस्ट त हुँदै होइन, यो सामान्य अर्थमा वामपन्थी पनि हो**

यसरी हेर्दा नेपालको कम्युनिस्ट आन्दोलनमा के भै दियो भने झापा आन्दोलन होस् या दश वर्षको जनयुद्धबाट पैदा भएका नेता, कार्यकर्ताको एउटा हिस्सा अन्ततः यति सजिलै, सहजै प्रतिक्रियावादमा रूपान्तरण हुन पुग्यो । चाहे खड्ग ओलीका अगाडि होस् या प्रचण्डको अगाडि होस्, वैचारिक वहस गर्ने कुरा किरणको नेतृत्वमा हामीले अलग धार निर्माण गरेपश्चात् उनीहरूमा विचार शुन्यतामा परिणत भएका पाइयो । बरु उल्टै मालेमावादका पक्षधर वर्ग सङ्घर्षका पक्षधर, आमुल परिवर्तनका पक्षधरहरूलाई विविध प्रकारका प्रलोभन दिएर भ्रम पार्ने कोशिस गरिराखेका छन् । सामन्ती संस्कार र संस्कृतिबाट आक्रान्त नेपाली जनता दलाल पुँजीवादको संस्कार र संस्कृतिबाट थिलोथिलो बन्दै गएका छन् । जसले गर्दा सत्य के हो ? असत्य के हो ? भ्रम के हो ? वास्तविकता के हो ? भनेर छुट्याउनुको सट्टा आफैमा भ्रमित बनिरहेका छन् । जसको फाइदा तिनी प्रतिक्रियावादी वर्ग र अवसरवादीहरूलाई भै राखेको छ ।

अवसरवादी गठजोड् पार्टी एकताबाट सबैभन्दा बढी लाभ उठाउन दौडधुप गरिरहेका छन् । यसबाट जनता सतर्क नहुने हो भने शोषण, दमन, उत्पीडन, महङ्गी, कालाबजारी, भ्रष्टचारीको जालोबाट आमागी दिनमा झनै आक्रान्त बन्नु पर्ने अवस्थाको सृजना भै सकेको छ । एमाले-माओवादी केन्द्रका बीचमा एकता भएर बनेको कथित नेकपा र उसको नेतृत्वमा बनेको सरकारका आजसम्मका गतिविधिले प्रतिक्रियावादी वर्गको सेवा गर्ने अन्य पार्टीहरूभन्दा छिट्टै नाङ्गिने कुराको सङ्केत पनि देखा परिसकेको छ ।

३. वर्तमान सरकारका कामकार्यवाही

वर्तमान सरकार कथित वामका नाममा विभिन्न तामझामका साथ बनेको सरकार हो । पहिलो कुरा यो सरकार वाम सरकार होइन । किनकि ओली र दाहालले नेतृत्व गरेको पार्टी कम्युनिस्ट त हुँदै होइन, यो सामान्य अर्थमा वामपन्थी पनि होइन । यो त जनतालाई झुक्याउन र छल्नका निमित्त राखिएको नाम मात्र हो । किनकि, वैचारिक रूपमा त यसले घोषित रूपमा नै मालेमावादका आधारभूत सिद्धान्त छाडिसकेको छ । मालेमावादका आधारभूत सिद्धान्त छाडेपछि उसले अङ्गाल्ने विचार र सिद्धान्त भनेको पुँजीवादी विचार हो । हाम्रो जस्तो देशमा स्वतन्त्र प्रकारको पुँजीवाद नभएर दलाल पुँजीवाद भएका कारण सबै संसदीय पार्टीहरू र त्यसका नेताहरू साम्राज्यवाद र विस्तारवादका दलाल मात्र हुन् । भएका कारण उनीहरू देश र जनताका निमित्त आफ्नै बुद्धि र विवेकले सोच्नेभन्दा पनि विस्तारवादको सेवा गर्ने भन्दा उनीहरूको निमित्त अर्को विकल्प देखिदैन । उनीहरूका लागि राष्ट्रियता, जनतन्त्र र जनजीविका जस्ता जनताका महत्वपूर्ण सरोकारका विषयहरू आज समाप्त भएर गएका छन् । तर उनीहरूलाई त्यसप्रति न त चिन्ता छ, न त चासो नै । ...बाँकी ७ पेजमा

भर्रोटर्रो — कैलुब्राह

दुई वर्षलाई फर्केर हेर्दा

यो कैलुले भर्रोटर्रो लेख्न थालेको पनि आजबाट ठ्याम्मै दुई पुगेर तीन वर्षमा लाग्यो । गएका दुई वर्ष के कस्ता भए केही मेसोभाँती पाइएन । आउँदो वर्ष के कस्तो हुने हो त्यो पनि यसै भन्न सकिन्न । आफ्नो मूल्याङ्कन आफैँले के गर्नू ? अरू कसैले पनि गरेको यो कैलुले थाहा पाउन कहिल्यै सकेन । विजुली अक्षरमा पत्र पठाउने ठेगाना पनि तल दिएकै छु । फेसबुके भित्तामा कमेन्ट गर्नलाई पनि अरू सादा मनुखेलेझैँ मैले पनि आफ्नै फेसबुके भित्तो बनाएकै छु । मूलबाटोले लाइक, शेयर र टिकाटिप्पणी गर्ने पँधेरो बनाइदेकै छ । अहँ कतै पनि कसैले चुँसम्म बोल्दैन । हैन यो मनुखेको जातले राम्रो नराम्रो छुट्याउने गुदी पनि रित्याइ सकेछ कि क्या हो ? राम्रो नराम्रोको टिकाटिप्पणी आए पो सुधार गर्ने मौका मिल्दो हो । नत्र त 'जस्ता थे' मिज्जु उस्तै' त हो ।

मैले यो भर्रोटर्रो लेख्नुको खास्सा कुरो के हो भने पहिलो, हाम्रो दशाँ राजनीतिको पेसा गरेर सास नफुत्किँदासम्म ढुकुटीमा थुतुनो गाड्ने सत्ता पक्षका सुँगुर प्रजातिका मनुखेहर्को अनुहारलाई जस्ताको तस्तै देखाइदिने ऐनाको काम गर्ने हो । दोस्रो, हाम्रो दशाँ भएका प्राकृतिक सम्पदा जिलीकाँचुली पारेर ठाडै हसुर्न खोज्ने हाँडिघोप्टे छिमेकीको चरित्र देखाइदिने हो । तेस्रो, 'भन्ने एउटा गर्ने आर्को' चरित्र भएका जो कसैको पनि भण्डाफोर गर्नु हो । चौथो, एउटा राजा फालेर सहस्र राजा बनेर जनता जनादर्नलाई रैतीकै कोटरीमा राखेर तिनका रगत पसिना चुस्ने र हाड मासु लुछ्ने अहिलेको सत्ता राजनीतिको भण्डाफोर गर्ने हो । पाँचौ, सामन्तवादबाट एक इञ्च पनि डेग नचलेको कर्मचारीतन्त्र र त्यसले प्रजातन्त्र, लोकतन्त्र र गणतन्त्र जे नामका तन्त्र आए पनि त्यसको लाखाम्शको एकाम्श पनि जनतालाई अनुभूति दिलाउन नसकेको शाषन प्रणालीलाई निमुखा मनुखेहरू सामू छर्लङ्ग्याउनु हो । मैले यस बारेमा यो दुई वर्षमा कति गर्न सकेँ पाठक रह्याछन् भने उनैले जानून् ।

मैले लेखेको कुरालाई कसैले ब्यङ्ग्य पनि भन्लान्, र ब्यङ्ग्य लेखनको शूत्रमा हालेर यस्लाई नापजोख गर्लान् । अनि यो पुगेन त्यो पुगेन भनेर आफ्नो शास्त्रीय पात्रो खोलेर यसका ग्रहगोचर हेर्लान् । कसैले हाम्रो आन्द्रा भुँडी खोतलेर हाम्लाई र हाम्रा नेतालाई नाङ्गो पाऱ्यो, पख्लास् भन्लान् । भने भनुन् । मलाई यसले कुनै लछारपाटो लाउने छैन । मैले त जे देखेँ, जे भोगेँ त्यही लेखेको हो । मैले त यस्लाई सत्य नै ठान्चु । यो देशाँ जे भइरहेको छ, जे गरिरहेका छन् सत्ताधारी मनुखेहर्ले त्यो सबै ब्यङ्ग्य नै छन् । थिनले भन्चन् एउटा गर्चन् आर्कै । सत्य कुरा भर्रो हुन्छ । भर्रो कुरा भन्दा मनुखेलाई टर्रो लाग्च । त्यै भएर यसको नाउँ रह्यो भर्रोटर्रो ।

प्रकृतिले सुँगुरलाई मनुखेको आची देख्नै हुन्न थुतुनो गाड्न पठाई हाल्च । यो सुँगुरको दोष भन्दा पनि प्रकृतिको दोष हो भन्ने ठान्चु म । प्रकृतिले सुँगुरलाई त्यसैगरी जन्म दियो त गर्ने के ? त्यस्तै कुरा संसदवादी राजनीतिमा पनि लागु हुन्च । सत्ता पाउन र राज्यको ढुकुटीमा थुतुनो गाड्न सुँगुरले आचीमा थुतुनो गाडे जस्तै जे जस्तो काला कर्तुतमा पनि थुतुनो गाड्न राजनीतिक दलका नेता र तिनका दर्जानुसारका हनुमानहरू सल्बलाउँचन् । तिनलाई नैतिकता, आदर्श, इमान्दारिता, लाज, सरम, मूल्य, मान्यता क्यै पनि हुँदैन । आफ्नो स्वार्थानुसार व्याख्या विश्लेषण गर्चन् । चोर, डाँका, लुटेरा, ठग, व्यइमान, ढाँट, तस्कर, डन, हत्यारा, अपराधी, बलात्कारी, व्यभिचारी, शोषक, सामन्त, जाली, फटाहा, माफियाखोर, कमिशनखोर, दलाल, भ्रष्ट, गुण्डा, कपटी, धूर्त, तिग्डमबाज आदि कचेडाहर्को कम्पोजिसनबाट संसदवादी दलको निर्माण हुन्च । यसमा विभिन्न क्यामेस्ट्रीको विभिन्न प्रतिशत भाग रहन्च । यसरी बनेको दलमा विभिन्न क्यामेस्ट्री अन्सारका नेता र कार्यकर्ता हुन्चन् । अनि त्यो नेताले आफूलाई 'अहम् ब्रह्म' ठान्च । यो संसदवादी दल र ती दलका नेता निर्माण हुने प्राकृतिक नियम हो । अहिले भूमण्डलमै चलेको सत्ता राजनीतिको शूत्र यही हो । यसरी निर्माण हुने दलमा सोझा, सिधा, निर्धा, निमुखा, इमान्दार, साधू शन्तहरू जस्ता नेता कार्यकर्ता पनि केही प्रतिशत हुन्चन् । तर तिनीहरू क्रमशः धूर्तहरूबाट लखेटिन्चन् र किनारीकृत हुँदै जाँदा डाइनोसर लोप भएझैँ लोप भएर जान्चन् ।

यो कैलु पनि त्यही डाइनोसर प्रजातीको राजनीतिकर्मी हो । डाइनोसरहर्को बोलबाला भएको जमानामा यो कैलुको प्रभाव पनि कम्ता थिएन । दलको सर्वोच्च कमाण्डरदेखि भुइँमा खोम्निने सरिम्निपसम्मका नेता कार्यकर्तासम्म यसको राम्रो पहुँच र प्रभाव थियो । जब डाइनोसर युगको अन्त्य भएर संसदवादी युगको आरम्भमा राजनीति मोडियो तव यो कैलु डाइनोसरबाट माथी उठ्ने चेष्टै गरेन र किनारीकृत भएर गयो । अहिले यो आफ्नो युग फर्काउनका लागि सन्तान वृद्धि गर्ने अभियानमा छ तर संसदवादका भिमकाय आणविक वम विष्फोट भएका कारण नश्ल विनास भएकोले नश्ल उत्पादन गर्न निकै कसरत गरेर फलामको च्युरा चपाउनु परिरहेको छ । तथापि अन्तिम कसर बाँकी रहँदासम्म यो सङ्घर्ष गरेर आफ्नो विकास गर्ने पक्षमा छ तर हारथाक भएर पलायन हुने छैन । यति भन्दै विगत दुई वर्षे यात्राका बारेमा केही गुनासा, टिकाटिप्पणी भए पाउने आशा सहित अहिलेलाई यतिमै बिट मार्चु ।

३ असार २०७५

kailubraha73@gmail.com

वैकल्पिक भूमिको व्यवस्थाबिना सुकुम्बासी वस्ती हटाउन पाइन्न



❑ **मीनकुमार रानामगर**, काठमाडौं जिल्ला अध्यक्ष- अखिल नेपाल क्रान्तिकारी सुकुम्बासी संघ

काठमाडौंको सुकुम्बासीहरूको दैनिकी कसरी चलिरहेको छ ?

सुकुम्बासीको जीवन साह्रै दयनीय छ । सबै सुकुम्बासीहरू खोलाको छेउछाउँमा बसिरहेका छन् । बिहान, दिउँसो र साँझ पनि ज्याला मजदुरी गरेर बस्ने ठाउँ हो यो । हुरीबतास चल्दा, ठूलो पानी पर्दा रातभर निन्द्रा लाग्दैन । सुकुम्बासी टोलमा बूढाबूढी, केटाकेटी नाङ्गो भुईंमा अलपत्र परेर बसिराखेका हुन्छन् । अर्कोतिर सरकारले विनाविकल्प सुकुम्बासी बस्ती उठाउने हल्ला गरिराखेको छ । यो हामी सुकुम्बासीका लागि निकै दुःखको कुरा हो ।

सहरमा सबै सुकुम्बासीले रोजगारी पाएका छन् त ?

रोजगारीकै लागि विभिन्न जिल्लाहरूबाट राजधानी शहर आएका छन् । २/४ पैसा धन कमाई हुन्छ भन्ने ठाउँ यही नै हो । शिक्षा, स्वास्थ्य, गाँस, बाँस, कपास तथा अन्य आवश्यकताहरूको परिपूर्ति हुने ठाउँ यही नै हो । विशेषगरी बच्चाबच्चीहरूको शिक्षालाई सुकुम्बासीहरूले बढी ध्यान दिने गरेका छन् । देशैभरका विभिन्न जिल्लाका मान्छेहरू खोलाका छेउछाउँमा बसिराखेको छन् ।

> **सुकुम्बासीहरू संयुक्त परिवारमा बसिराखेका छन् । परिवारमा बृद्ध बुवाआमा, बालबालिकाहरू, अपाङ्ग तथा काम गर्न नसक्नेहरू सबै बसिरहेको छन् । प्रायजसो सुकुम्बासीहरू शारीरिक मेहनत बढी गर्दछन् ।**

तपाईहरूको बसाई एकल छ वा संयुक्त परिवारको ?

सबै सुकुम्बासीहरू संयुक्त परिवारमा बसिराखेका छन् । परिवारमा बृद्ध बुवाआमा, बालबालिकाहरू, अपाङ्ग तथा काम गर्न नसक्नेहरू सबै बसिरहेको छन् । प्रायजसो सुकुम्बासीहरू शारीरिक मेहनत बढी गर्दछन् । प्रायः उनीहरू ढुङ्गा माटोको काम नै गर्छन् । सुकुम्बासी बस्तीहरूमा जागीरेहरू, उद्योगधन्दा सञ्चालकहरू बसेका छैनन् । बिहान बेलुका छाक टार्न मुस्किल हुने कामदार, भरिया तथा घरजमिन केही पनि नभएका बसोबास गरेका छन् । यो काम गरी खानेहरूको बस्ती हो ।

नदीको दुर्गन्धले कतिको असर पारिराखेको छ ?

हाम्रो स्वास्थ्यमा नदीबाट आउने दुर्गन्धले निकै असर पुऱ्याएको छ । अहिले सरकारी अधिकारीहरूसहित मुख्य सचिव र नेताहरूले हप्ताहप्तामा नदी सरसफाई अभियान चलाइरहनु भएको छ । नदीको किनारामा हामी बसेको हुनाले सुकुम्बासीले नदीमा फोहोर गरे भनी आरोप लगाउने पनि गर्नुहुन्छ । तर हामी सुकुम्बासीले आफ्नै ट्वाइलेटमा दिशापिसाब गर्छौं र फोहोरहरू संकलन गरेर फ्याक्छौं । हामीले हाम्रो सुकुम्बासी टोल खुल्ला दिशामुक्त क्षेत्र नै बनाएका छौं । नेपाल सरकारको तर्फबाट सरसफाई अभियान चलिरहेको त छ, तर टुकुचा खोलामा अहिलेसम्म दृष्टि नै पुगेको छैन । टुकुचा खोलाका वरपर ठूलठूला भवन निर्माण गरेर बसेकाहरूले त्यो खोला कति फोहोर र प्रदुषित पारेका छन्, सरकारले ध्यान दिएको छैन ।

वर्षा धेरै भएमा तपाईहरूको सुकुम्बासी बस्तीहरू डुबानमा पर्छन् कि पर्दैनन् ?

अधिक वर्षा भएमा सुकुम्बासी बस्तीहरू डुबानमा पर्ने गर्छन्, पानी घरभित्र आउने गर्छ । जमिनमा राखिएका थाल, कचौरा, सिरक, बिछ्यौना तथा अन्य सरसामानहरू बगाएर छैजाने गर्छ । हामी सुकुम्बासीहरूलाई कसैको पनि सहयोग छैन । एक त गरीबको बसाई, त्यो पनि अव्यवस्थित रहेको छ ।

तपाईहरूले सरकारसमक्ष केही मागहरू राख्नु भएको छ ?

विगतमा हाम्रा जनजीविकाका समस्याहरूलाई लिएर धेरै मागहरू राख्यौं । सम्बन्धित सरकारी निकायहरूमा पनि पुग्यौं । नसुनेपछि संघर्ष पनि चलायौं । हामी भन्न चाहन्छौं पहिलो कुरा त सुकुम्बासी बस्तीहरू नउठाइयोस् । यदि उठाउन चाहन्छ भने वैकल्पिक व्यवस्थासहित अन्यत्र सारोस् । हामीले सरकारलाई स्मरण गराउन चाहन्छौं कि वर्तमान संविधानमा व्यवस्था भएअनुरूप हली, गोठाला, भरिया, हरूवा, चरुवा र सुकुम्बासीलाई बस्ने घर र जोतीखाने जमिनको व्यवस्था गरोस् । बिना विकल्प सुकुम्बासी बस्ती नहटाओस् ।

के सरकारसँग सुकुम्बासीहरू त्रसित हुनुहुन्छ ?

हामी दुर्गन्धित खोलाकिनारामा पालमुनि बसिराखेका छौं । सानो हावाहुरीले पनि हाम्रा प्लाष्टिकका पालहरू उडाइदिन्छ । रात परेपछि बालबच्चा, वृद्धवृद्धाहरू त्रसित हुने र कराउने गर्न थाल्छन् । हामीहरू साँच्चै नै प्राकृतिक प्रकोप तथा सरकारी गलत सोचको आक्रमणमा परिरहेका छौं ।

इचंगु भन्ने ठाउँमा सुकुम्बासीहरू बस्नका लागि ठूलो अपार्टमेन्टको व्यवस्था गरिएको छ रे । तर त्यहाँ सुकुम्बासी जान मानेनन् भन्ने सरकारको आरोप छ नि ?

बाबुराम भट्टराईको सरकार हुँदा थापाथली सुकुम्बसी बस्ती भत्काइयो । सुकुम्बासीका कुराहरूलाई सञ्चार माध्यमहरूले राम्रो गरी प्रचारमा ल्याए तर स्वयं प्रधानमन्त्री बाबुराम भट्टराईले मलाई थाहा छैन भन्नुभयो । तत्काल व्यवस्थापनको लागि सुन्दरीघाट, चोभार, सिमेन्ट फ्याक्ट्री, ब्याट्री कारखाना आदि विभिन्न ठाउँहरू हल्लामा आए । तर केही समयपछि सहरी विकासले इचन्गुमा एक ठूलो अपार्टमेन्ट निर्माण गऱ्यो तर एक सुकुम्बासी परिवारलाई १६ बाई १६ को एउटा सानो कोठा त्यो पनि भाडामा उपलब्ध गराउने भनी सुकुम्बासीहरूलाई रोजाइयो । त्यो सानो कोठामा परिवार अट्न र बस्न सक्ने स्थिति रहेन । सानो परिवार पनि पाँचसात जनाको हुने भएकाले ती साना कोठामा बस्न सम्भवै भएन । त्यसैले हामी सुकुम्बासीले सरकारी प्रस्ताव अस्वीकार गऱ्यौं । हामी नेपाल सरकारले तोकेको मापदण्डअनुसार थोरै पनि बस्नका लागि जग्गा उपलब्ध गराउँछ भने त्यहाँ जान र बस्न तयार छौं ।

इचंगुको अपार्टमेन्टमा सुकुम्बासी बसाल्दा भाडा लिने वा नलिने कस्तो प्रस्ताव गरेको छ सरकारले ?

त्यो अपार्टमेन्टबारे दुईवटा कुराहरू आएका छन् । एउटा भाडामा पनि बस्न सकिने, दोस्रो अपार्टमेन्टका कोठा आफ्नो नाममा बनाउन सकिने पनि भनिएको छ । भाडामा मासिक कति हो थाहा छैन, तर कोठा आफ्नो नाममा बनाउने हो भने मासिक ५ हजार किस्ता तिर्नु पर्ने भनिएको छ । त्यो पच्चीस वा तीस वर्षे कतिको हुने अझैं निर्क्योल गरिएको छैन । यो हिसाबले त त्यो सानो कोठाको मूल्य २२ देखि २५ लाख पर्न आउँछ । यो भनेको सुकुम्बासीहरूले तिर्न त परै जाओस् कल्पनासम्म पनि नगरेको धनराशी हो । राज्य सुकुम्बासीमात्र होइन, महासुकुम्बासी बनाउनेतिर गइराखेको छ ।

> **विगतमा हाम्रा जनजीविकाका समस्याहरूलाई लिएर धेरै मागहरू राख्यौं । सम्बन्धित सरकारी निकायहरूमा पनि पुग्यौं पर्दछ**

सबै सुकुम्बासीहरू भूमिसँगै जोडिन चाहनुहुन्छ त ?

हो, हामीहरू जहाँ सरकारले भूमि उपलब्ध गराउँछ, त्यही जान्छौं । यसो गरे मात्रै नेपालका सुकुम्बासीहरूको समस्याको समाधान हुन्छ । सरकारले जग्गा नदिए हामी बस्दै आएको सुकुम्बासी बस्ती ज्यान गए पनि छोड्दैनौं ।

समस्या हल नभए जनताले विकल्प खोज्नेछन्

(डीके बुद्धिस्ट अखिल नेपाल क्रान्तिकारी चालक दलको सल्लाहकार तथा उक्त दलको हवाइ क्षेत्रको संयोजकसमेत हुनुहुन्छ । उहाँले गुड्नेदेखि उड्नेसम्मका चालकहरूले भोग्नुपरेका समस्याहरू समाधानका लागि सबै चालकहरू एकजुट भएर वर्तमान सरकारसँग माग राखेर आन्दोलित हुनपर्ने धारणा राख्दै आउनुभएका छ । उहाँले देशको राष्ट्रियता, जनजीविकाका विषयमा पनि स्पष्ट धारणा राख्दै आउनु भएको छ । पछिल्लो राजनीतिक तथा राष्ट्रियतासम्बन्धी विषयहरूमा केन्द्रित रहेर उहाँसँग गरिएको कुराकानीलाई यहा प्रस्तुत गरिएको छ ।)

❑ **पूर्वपाइलट डिके बुद्धिस्ट**

निर्वाचनबाट भर्खरै बहुमतको सरकार बनेको छ । यसले जनजीविकाका समस्या हल गर्न सक्ला ?

जनजीविकाका समस्याहरू जनताका दैनिक जीवनमा आउने समस्याहरू हुन् । यी समस्या राष्ट्रियता र जनतन्त्रको हाराहारीमा राख्नु हुँदैन । राष्ट्रियता भनेको धेरै माथिको कुरा हो । तर जनजीविका र विकास साथसाथै जाने कुराहरू हुन् । जनजीविकाका समस्याहरू समेत यो सरकारले हल गर्न सकेन भने जनताले विकल्प खोज्नेछन् ।

नेपालको राष्ट्रिय स्वाधीनताको अवस्था कस्तो छ ?

राष्ट्रियताको सवालबारे कुरा गर्दा दक्षिणको छिमेकी मित्रराष्ट्रको भावना र दृष्टिकोण आफ्ना साना छिमेकीहरूलाई मित्रतापूर्ण व्यवहार गर्ने खालको छैन । उससँगको नेपालको सम्बन्ध तीतो छ । उसले तराई मधेशका केही साथीहरूलाई उचाल्ने काम गरेको छ । पहाडका शासकहरू उसका दलाल बनेका छन् ।

मोदी नेपालको दक्षिणदेखि उत्तरसम्म आफ्नै भारतीय सुरक्षा फौज लिएर गए । नेपालको सरकार त चूपचाप रह्यो त ?

आश्चर्य छ, हामी आफै किन चूपचाप रह्यौं । भारतले पहिल्यैदेखि बोर्डरमा थिचोमिचो गरिरहेको छ । उसको बानी पहिल्यैदेखि नै त्यस्तै छ । । उसको बोर्डर सुरक्षा फोर्स छ । हामीले किन राखेनौं । देश र सीमा सुरक्षाका लागि हामी ब्रिटिशसँग लड्यौं । अहिले पनि थिचोमिचोमा परे र अन्याय भए भारतसँग किन नलड्ने ?

यो सरकारले देश र जनता बचाउन चाहेन र सकेन भने हामी लड्नै पर्छ । विश्वका संघसंस्थाहरू आएर पनि त हेर्लान् नि साँचो र झूटो के हो भनेर ? किन छाड्ने हामीले ? अमेरिकामा ट्रम्पले देशका लागि पर्खाल लाउँछु भन्ने, हामीले देशका लागि किन नभन्ने र नगर्ने ? हामी लड्न तयार भएनौं भने उसले हामीलाई सिक्किमे र भुटानी जस्तै हो भन्ठान्न पनि बेर छैन ।

भुटानी त्यति लडाकू होइनन् । हामी त नेपाली हो । हामी लडाकू हौं । हामीसँग वीरताको इतिहास छ । बोर्डर हामीले छाड्न हुँदैन । तर सरकार किन मौन रहेको छ ?

मोदीले सुरक्षाका लागि भनेर आफ्नै भारतीय फौज लिएर आए नेपाल भ्रमणमा ? यसले के देखाउँछ ?

मोदीको देशलाई नेपाली सुरक्षाकर्मीले बाचइदिने । तर उनले सत्तरी/असी जना सुरक्षा पौज लिएर नेपालमा केको तमाशा देखाउनु पर्यो र ? यो मोदीको आफ्नै कमजोरी हो । त्यस्तो काम गर्न नहुने हो । उनी नेपालमा आउँदा त सुरक्षा दिने काम नेपाल सरकारको पो हो त ।

> **राष्ट्रियताको सवालबारे कुरा गर्दा दक्षिणको छिमेकी मित्रराष्ट्रको भावना र दृष्टिकोण आफ्ना साना छिमेकीहरूलाई मित्रतापूर्ण व्यवहार गर्ने खालको छैन**

ठीक छ, मोदीले ७०/८० जना सररक्षाकर्मी लिएर मुक्तिनाथसम्म पुगे । चीनका राष्ट्रपति पनि आउँदै छन्, उनले ५०० ल्याउलान् सुरक्षाकर्मी । अनि काठमाडौं हुँदै जनकपुर वा बिराटनगरसम्म जाने इच्छा प्रकट गर्लान् । बुद्धको जन्मस्थल लुम्बिनी जाने चाहना राख्लान् । के हुन्छ त्यति बेला ? यो नेपालका शासकहरूको कमजोरी हो ।

खुल्ला बोर्डरले समस्या पारेको छ । खुल्ला बोर्डर सिल गरे के होला ?

सिल गर्न नसक्नु हाम्रो कमजोरी हो । नेपाललाई त घाटा नै छ त । त्यो भारतलाई फाइदा होला । नेपाल सरकारले प्रयोग गर्दै आएका प्रमुख ६/७ वटा नाका बाहेक अरु सिल गरे त भइहाल्यो । खुला गरिएका केही निश्चित नाकाहरू निगरानीमा राख्यो अरु सबै सिल गरे भइहाल्छ ।

नेपाल सरकारको अर्को समस्या पनि छ । रिटायर भएर बसेका अनुभवी कर्मचारीहरूको क्षमता र प्रतिभा देश विकासमा लगाउन सकेका छैन नि होइन ?

एउटा स्मरणीय कुरा के छ भने दोस्रो विश्वयुद्धमा जर्मनीले कस्सो बेलायत कब्जा गर्यो । हामी जस्ता रिटायर्ड मानिसले बन्दुक उठाएर लडे । हामी नेपाली त झन् अरुका लागि लडिदिएका र लडिआएकाहरू । देशमा आइपर्दा किन नलड्ने ? तीनदिन भोकै बसेर भए पनि राष्ट्रको आवाज उठाउनु पर्छ । एउटा कुरा, भूकम्प गएका बखत निकै गर्यो त मोदीले । तेल दिएन, ग्याँस दिएन, नून दिएन । तर हामीलाई के गर्यो त ? हामीले दाउरा बालेर खायौं । नेपालीहरू स्वाभिमानका खातिर लड्न तयार छन् । देशको भित्रभित्र देशका लागि लड्न सक्ने त्यो शक्ति मौजूद छ । त्यो शक्ति उठ्ने दिन न यो सरकार रहला न भारतले हस्क्षेप नै गर्ला ।

देशमा काम नपाएर विदेरशमा गएका १२/१३ लाख युवाहरू तालिम प्राप्त भएभने हुन्छ के ? देश बचाइदैन र ?

ब्युरोक्रेसी, राजनीति र न्यायालयका टप-लेबलमा रहेकाहरूलाई अन्तराष्ट्रिय शक्ति केन्द्रले खरिदबिक्रि गरिदिने गर्छन् । यसलाई के भन्नु हुन्छ ?

हो, खरिद बिक्रि भएर पनि यो समस्या आएको छ । केही घोषित आर्थिक सहयोग त विदेशीले नेपाली जनताका लागि गरेका पनि छन् । तर व्यक्तिगत रूपमा बिक्नेहरू राष्ट्रघातीहरू नै हुन् । यिनले सजाय पाउनु पर्छ । राष्ट्रवादी शक्ति देशमा रहिराख्नु पर्छ । कुनै पनि परदेशीले तिम्रो राष्ट्र बचाऊ भन्दैनन् । देशमा राष्ट्रवादी शक्ति उत्पन्न हुनै पर्छ ।

राष्ट्रवादी शक्ति कसरी उत्पन्न हुनसक्ला ? केही आधार दिन सक्नुहुन्छ ?

सीमा मिचिएको छ अहिले पनि । गोर्खाले मोदीको देश बाचइदिने तर उनले केही सिपाही लिएर नेपाल र नेपालीको मानहानी गर्ने ? यो राम्रो भएन । उसको सेना पाकिस्तानसँग लड्न सकेको छैन । न त चाइनासँग नै । बंगलादेशसँग पनि लड्न सकेको छैन । यो भनेर हामीले धाक देखाइरहेका छैनौ र होइनौ पनि । बरु मोदी आफैले उनको हैसियत देखाए । नेपाली त्यति दुर्वल र असक्षम छैनन् । बरु मोदीले नेपालको गौरव र नेपालीको वीरतालाई सम्मान गर्न जानेनन् ।

संशोधनवादीहरूको 'समाजवाद' र मार्कोस फासीवाद

● लोकनारायण सुवेदी ●

वर्तमान सत्ता सामन्तवादी तथा साम्राज्यवादीद्वारा पालितपोषित दलाल तथा नोकरशाही राज्यसत्ता हो । त्यसैले अहिलेको सरकार पनि दलाल तथा नोकरशाहको सरकार हो । वास्तविक मालिक साम्राज्यवादीहरू नै हुन् । सरकारमा बसेकाहरू उनीहरूको खेतालाहरू मात्रै हुन् । यिनीहरूले एकातिर विदेशी शक्तिहरूको सेवा त गर्दै आइरहेका छन् नै देशभित्र पनि जनतालाई नक्कली कम्युनिस्टको खोल ओढेर ढाँटिरहेका छन् । अहिले आफूहरूलाई कम्युनिस्ट पार्टी र कम्युनिस्ट सरकार बताए पनि जन्मदा र दर्ताहुँदाका बखत यिनीहरू कम्युनिस्ट नै थिएनन् । यिनीहरू सुधारवादी, संशोधनवादी पार्टीका रूपमा दर्ता भएका थिए ।

अहिले यिनीहरूले दर्ता हुँदाका बखत आफूले अङ्गीकार गरेका विचारहरू सबै परित्याग गरिसकेका छन् । एकताको नाममा विलयहुँदा यी सरकारी कम्युनिस्ट पार्टीले केवल नेकपा भन्ने खोल मात्र ओढेका छन् । यिनीहरू कम्युनिस्ट विचार, कम्युनिस्ट बाटो, कम्युनिस्ट चरित्र र कम्युनिस्ट संस्कारबाट च्युत भइसकेका छन् । यिनीहरूले आफूहरू मात्र कम्युनिस्ट भएको छलगर्दै सच्चा कम्युनिस्टहरूमाथि आक्रमण सुरु गरेका छन् । आज सच्चा वामपन्थीहरूले विरोध प्रदर्शन गर्दा धरपकड गर्ने र थुनामा राख्ने प्रजातन्त्र र कम्युनिष्टविरोधी तानाशाही कामहरू अघि बढाएका छन् । अन्य राजनीतिक दलका कार्यकर्ताहरूलाई झुट्टा मुद्दा लगाउने काम गरिरहेका छन् । उनीहरूलाई प्रश्न छ कुन चाहिँ कम्युनिस्ट र जनतन्त्रवादीले यस्तो काम गर्छ ?

कम्युनिस्ट सरकार सत्तामा छ भनेर भ्रम फिजाँइएको छ । तर देशमा अहिले राष्ट्रियता, जनतन्त्र र जनजीविकाको समस्या विगतको भन्दा झन् विकराल बन्दै गइरहेका छन् । यस बारेमा जबसम्म जनता सचेत हुँदैनन् तबसम्म उनीहरूको राज चलिरहने देखिन्छ । हामी नेपालीहरूले सरकार परिवर्तन भएको कुरा बारम्बार देख्यौं । राणा शासन, पञ्चायत, बहुदलीय व्यवस्थाहुँदै अहिलेको गणतन्त्र भोगिरहेका छौं । तर बिडम्वनाको कुरो प्रथम गणतान्त्रिक सरकारले सुरुमा नेपालीहरूलाई महङ्गीको उपहारले स्वागत गरेको छ । जनताका जनतान्त्रिक हक-अधिकारलाई खोस्ने र राष्ट्रियतालाई बेच्ने काम गरिरहेको छ ।

हामीहरूले सडकमा गणतन्त्र ल्याउनको लागि नारा जुलुस गरिरहँदा वर्तमान प्रधानमन्त्री बनेका खड्ग ओलीले हामी आन्दोलनकर्मीहरूलाई 'ठेलागाडा चढेर अमेरिका पुग्न खोजेको' भनी व्यङ्ग्य गर्ने गर्दथे । गणतन्त्र नेपालमा आउँछ भन्ने कुरा उनले सपनामा पनि चिताएका थिएनन् । यसै गरी विद्यादेवी भण्डारी जो आज गणतन्त्रको राष्ट्रपति छिन् उनले यो सडक आन्दोलन गरेर मात्र के हुन्छ, राजासँग सम्झौता पो गर्नुपर्छ भन्ने गर्थिन् । तर समयको विडम्वना मान्नु पर्छ, आज उनीहरू गणतन्त्र नेपालको हर्ताकर्ता भएका छन् । यस्तो अवस्थामा प्रश्न उठ्नु स्वभाविकै हो कि उनीहरूले गणतन्त्रको रक्षा र विकास पक्षमा होलान् या नहोलान् ? अहिलेका सत्तासीन भनिने कम्युनिस्ट नेताहरूले राजासँग सम्झौता गर्दै र झुक्दै आएका हुन् । त्यसैले उनीहरूलाई देश, जनता र जनताका सरोकारका विषयहरूमा कुनै चासो छैन । उनीहरूले मनपरि आफ्नो भत्ता, सेवा सुविधा र ओहोदा ओगट्ने काम मात्र गरेका छन् ।

भर्खरै उनीहरूले भारतसँग गरेका सम्झौता बमोजिम नेपालको नदीनाला भारतलाई सुम्पिएर नेपालको तराई भू-भागमा पानी जम्मा गरेपछि भारतको थोत्रो पानीजहाज मार्फत भारतकै सामान ल्याएर नेपालीहरू माथि महङ्गो मूल्यमा बेच्न लगाउँदा

जनतालाई कतिको फाइदा हुन्छ ? यही हो समाजवादतिरको यात्रा ? यस्तै हो कम्युनिस्ट सरकारले गर्ने काम ? पानी त बेचियो बेचियो, केही ठाउँमा निकालिएका बिजुली पनि बेच्ने भनिएको छ । जबकि नेपालीहरूकै लागि बिजुली पुगेको छैन । नेपालमा शिक्षा, स्वास्थ्य, गास, बास, कपास, रोजगारी आदि सबैका लागि बिजुली आवश्यक छ । तर नेपालका ठूला योजनाहरू अरुण तेस्रो, उपल्लो कर्णाली, महाकाली भारतलाई सुम्पिएको छ । यसरी नदीहरू सुम्पदा अध्ययन अनुसन्धान नै गरिएको छैन । डिपीआर (डिटेल प्रोजेक्ट रिपोर्ट) तयार पारिएको छैन । त्यसैले नेपालमा कति बिजुली उत्पादन हुन्छ, नेपालीलाई कति आवश्यक छ, बिक्री गर्दा कति मूल्यमा बिक्रि गरिन्छ र त्यसवापत नेपालीलाई फाइदा कति छ भन्ने कुरा केही पनि थाह दिइएको छैन । जनतालाई यसरी गुमराहमा राखेर नदी भारतको पोल्टामा हालिएको छ ।

किन गरियो त ? किनकि वर्तमान सरकार जनविरोधी बन्दै गइरहेको छ । यी सबै देश र जनताविरोधीहरूले गर्ने कामहरू हुन् । यी सबै काम नेपालमा बनेको दलाल सरकारले आफ्ना मालिकहरूलाई चढाउनु पर्ने नजराना अन्तर्गत भएका हुन् । महङ्गी किन बढाइएको छ ? यी सबै कामहरू नेताहरूले चुनावी खर्च जोहोगर्दा व्यापारी, साहू तथा महाजनबाट सरकारमा पुगेपछि मूल्य बृद्धि गरिदिने बाचाअनुसार लिइएको चन्दा रकमको एकमुष्ट फिर्ती हो । अहिले सबैभन्दा बढी मार आम उपभोक्ता र किसानहरूलाई परिरहेको छ । एकातिर, किसानले उत्पादित वस्तुको मूल्य नै पाएका छैनन् भने अर्कोतिर उत्पादित सामानहरूको कृत्रिम अभाव सिर्जना गरेर तिनै किसान जनतामाथि चर्को महङ्गी थोपरिएको छ । यही हप्तामात्र चिनी प्रति केजी १० रुपियाँले बढेको छ । हरेक खाद्य बस्तुहरूमा ३० देखि ३५ प्रतिशतसम्म मूल्य बृद्धि भएको छ । चामलको मूल्य प्रतिबोरा १०० रुपियाँले बढेको छ । दाल तथा तरकारीको मूल्य पनि आकाशिएको छ ।

अर्कोतिर सरकारले निःशुल्क सेवाका रूपमा सबैलाई दिनुपर्ने शिक्षाको सेवा, स्वास्थ्यको सेवा जनताले प्राप्त गर्ने हैसियत भन्दा धेरै माथि छ । त्यसैले, यो सत्ता जनताको सत्ता त हुँदै होइन, बरु दलाल तथा नोकरशाहहरूको सत्ता भएको व्यवहातः पुष्टि भएको छ । वर्तमान सरकार भनेको त्यसको सञ्चालक मात्रै हो । साम्राज्यवादी मालिकहरूले मूल्य बढाउन निर्देशन दिएपछि उनीहरू मूल्य बढाउँछन् ।

देश भ्रष्टचारी, तस्करी र माफियागिरीको सञ्जालले जकडिएको छ । ३३ किलो हराएको सुन खोज्दै जाँदा ३८ क्वीन्टल सुन तस्करहरूले नेपाल भित्र्याएको तथ्य खुल्न आएको छ । त्यो सुन सरकारमा बसेका ठूलाबडादेखि ओसारपसार गर्नेसम्मले बाँडेर खाँदा कति कति किलो पऱ्यो होला, तिनका भागमा ? ती सबै ३८ क्वीन्टल सुन नेपालको सम्वेदनशील प्रहरी संयन्त्रलाई घान लगाएर बाँडीचुँडी स्वाहा पारिएको छ । यिनीहरू अहिले तै चुप मै चुपको अवस्थामा छन् । र, एकाग्र भएर सुनिरहेका छन् कि कतै गोरेले उनीहरूको नाम नपोलोस् ।

यस्तो अवस्थामा उनीहरूले भ्रष्टचारप्रति हाम्रो शुन्य सहनशीलता भनेर कसैले पत्याउँछ ? पाइलैपिच्छे कालोबजारी, भ्रष्टाचारी र सुदखोरी गर्नेले भ्रष्टाचारप्रति शुन्य सहनशीलता भन्न सुहाउँछ । यो जनतालाई उल्लु बनाउन गरिएको कसरत भन्दा अर्को होइन ।

२००७ सालदेखि आजसम्म भएका जति पनि युद्ध र आन्दोलनहरू छन्, तिनले यो राज्यको उपरी संरचनामा मात्र परिवर्तन गरेका छन् । राणा गए, राजा आए । पञ्चायत गयो बहुदल आयो । अहिले गणतन्त्र आएको छ । केवल सरकारमा मान्छेका अनुहार फेरिने र व्यवस्थाका नाम फेरिने काम मात्र भएका छन्, तर वास्तविक तल्लो तहमा रहेका जनताहरूको जीवनमा कुनै पनि परिवर्तन आएको छैन ।

देशका सारा युवा शक्ति विदेशमा छन् । नेपाललाई समृद्ध बनाउने युवा शक्ति खाडीको तातो बालुवामा तपूतप् पसिना चुहाइरहेका छन् । देशमा अशक्त, अपाङ्ग, बूढाबूढी र केटाकेटीमात्रै छन् । श्रमशक्तिको हिसाबले देश बनाउने जनशक्ति हामीमाझ छैन । देश बनाउने भन्ने सरकारले एकातिर युवाहरूलाई विदेशमा बेचेर रेमिट्यान्स लिएर राजश्व सङ्कलन गर्ने गरेको छ भने अर्कोतिर देशभरिका किसानहरूबाट घर कर, जग्गा कर र अन्य करहरू उठाएर आफ्नो तलब भत्तामा बृद्धि गरिरहेका छन् । किसानहरूबाट असुलेको करले देशको कुल ३५ प्रतिशत कुल गार्हस्थ उत्पादनलाई ओगटेको छ भने रेमिट्यान्सबाट लिएको करले देशको अरु थप ३५ प्रतिशत राज्यकोषलाई धानेको छ । यो आँकडालाई हेर्दा देशको कुल ७० प्रतिशत आय किसान बावुआमा र तिनका छोराछोरीबाट सरकारले असुली गरिरहेको छ ।

यो सरकारले किसानका लागि न त बजेट छुट्याएको छ, न त अन्य सेवा सुविधाहरू प्रदान नै गरेको छ । तर पनि सरकार सधै फलाक्ने गर्छ- बजेटको ७० प्रतिशत भाग किसानहरूका लागि छुट्याइएको छ । यो सरासर झुट कुरो हो । यी कुराहरू हामीले जनता बीचमा लगेर सचेत बनाइ जनतालाई उठायौं भने सिङ्गो देश जनविरोधी साम्राज्यवादी, ...बाँकी ७ पेजमा

सीमा अतिक्रमणका फेहरिस्त

वुद्धिनारायण श्रेष्ठ

हालको ९७ प्रतिशत काम भएको भनिएकोमा त्यसको कागजी सीमांकन गरी १८२ थान नक्शा बनाइएको जानकारीमा आएको छ । त्यो पनि अशुद्ध र अतिक्रमित छ । सामान्य उदाहरण लिऔं । बर्दियाको चौगुरूजी भन्ने ठाउँ छ । त्यहाँ सहादत अलि धोबी भन्ने नेपाली नागरिक छन् । यी नेपाली नागरिकको दुई त्रिघा दश कट्ठा जमीन भारततिर लगिदिएका छन्

हामीहरूले नेपालको सीमा दाबी गर्ने क्रममा थुप्रै प्रमाणहरू जुटाउनु आवश्यक छ । मौखिक कुराले मात्र प्रमाणहरू जुट्न सक्दैन । लिपुलेक, कालापानी र लिम्पियाधुरा नेपालको हो भनी कसरी प्रमाण पुऱ्याउने ? सामान्य आँखाले हेर्दा कालापानी लगाएतका ठाउँमा भारतीय सेना मुकाम जमाएर बसेको छ । लिम्पियाधुरा लगायतका भूभागहरू छिमेकी देशको नयाँ नक्सामा देखाइएको छ । सुस्ता लगायतका ठाउँहरूमा सीमा स्तम्भ नै उखेलिएर फ्याँकिएको छ । अन्य ठाउँहरूमा सीमानामा रहेका नदीहरूले धार परिवर्तन गरेका छन् । यी र यस्ता आँखाले देखिने भौतिक प्रमाणका साक्षी स्थानीय जनता पनि छन् ।

तर लिखत प्रमाणहरूको खोजी गर्नु पऱ्यो भने सन् १८२७ मा 'सर्भे अफ इन्डिया'ले बनाएको नक्शा, सन् १८५३ को 'सर्भे अफ इन्डिया'ले बनाएको अर्को नक्शा । यी सबैले कालापानी, लिम्पियाधुरा र लिपुलेक नेपालका हुन् भनेर प्रमाणित गर्दछन् ।

सुगौली सन्धिमा नेपालको पश्चिमी सिमाना काली नदी भनी उल्लेख गरिएको छ । पुरानो नक्शामा लिम्पियाधुराबाट निस्किएको नदीलाई काली नदी भनिएको छ । यो वास्तविक काली नदीलाई सीमा मान्दा त्यो भन्दा पूर्व कालापानी

पर्छ र कालीपानी भन्दा पनि पूर्व लिपुलेक भञ्जाङ पर्दछ । त्यसैले काली नदी पूर्वको त्यो ठूलो पहाडी भूभाग नेपालमा पर्दछ । तर भारतले काली नदी भन्दा धेरै पूर्व काली देवीको सानो मन्दिर बनाएको छ । त्यहाँबाट एउटा सानो सोता निस्किएको छ । भारतले यसैलाई काली नदी हो भनी व्याख्या गर्ने गरेको छ । यो गलत व्याख्या गर्दै नेपालको ३७ हजार हेक्टर भूभाग भारतले अतिक्रमण गरेको छ ।

थप प्रमाणहरू खोज्दै गयौं भने अमेरिकाको लाइब्रेरी अफ कङ्ग्रेसमा यी नक्साहरू छन् । लण्डनको ब्रिटिश म्युजियममा रहेको लाइब्रेरीमा पनि यी नक्साहरू छन् । त्यसैगरी चीनको नेशनल लाइब्रेरी अफ चाइनामा पनि यी नक्साहरू आज पनि पाइन्छन् । यी नक्साहरूले लिम्पियाधुराबाट निस्किएको नदी नै काली नदी हो भनि प्रमाणित गर्दछन् । तर भारतले यो नदीभन्दा पूर्व नेपालको ३७ हजार हेक्टर जमीन आफ्नो हो भनि दाबी गर्दै आएको छ ।

सन् १८१६ मा सुगौली सन्धि भएको बेला नारायणी नदीले सीमाको काम गरेको थियो । तर पछि आएर नारायणी नदीले धार परिवर्तन गऱ्यो । यो नेपालको भूभागबाट बहन थाल्यो । नदीपारि भारततिर रहेको भूभाग माथि भारतले आफ्नो भनी दाबी गर्न थाल्यो । सन् १९९८ मा नारायणी नदीमा ठूलो बाढी आएपछि धार झन् बदलियो । वि.स. २०११ मा नारायणीमा सबैभन्दा ठूलो बाढी आएपछि नारायणी नदी नेपालको भूभाग भित्र घुस्यो । २०३२ सालको भेलबाढीले नेपालको ठूलो भूभाग बगाएर लग्यो । नारायणी नदीले यसरी नेपालका ठूला ठूला भूभागहरू भारततिर छोडेर नेपालतिर प्रवेश गऱ्यो ।

सन्धि भएको बेलामा नदी जुन ठाउँबाट बहेको थियो, त्यसैलाई नै सीमा मान्ने अन्तर्राष्ट्रिय मान्यता रहिआएको छ । यो नेपालको लागि पनि लागू हुन्छ । नदी उत्तर बगोस् वा दक्षिण, सीमा परिवर्तन हुँदैन । त्यसैले सन् १८१६ मा नारायणी नदी जहाँ बगेको थियो, त्यही नै नेपाल भारतको सीमाना हो ।

यसरी वर्तमान नारायणी नदीले धार परिवर्तन गरेर सुस्तामा रहेको साढे चौध हजार हेक्टर जमिन भारतले आफ्नो भनी दाबी गरेको छ ।

यो बीचमा नेपाल भरतबीचमा सीमा समस्या समाधानका लागि नेपालका नापी विभागका महानिर्देशक र भारतका सर्भेयर अफ इण्डियाको संयुक्त टोलीले तयार पारेको सीमा विवाद समाधान को नाप नक्शा ९७ प्रतिशत पूरा भएको जनाइएको छ । तर आम जनता र चासो राख्ने सरोकारवालाहरूलाई यो काम कति पूरा भएका छ र नक्शा कसरी तयार पारिएको छ भन्ने केही पनि थाह छैन । हाल सम्म यो कुरा गोप्य राखिएको छ ।

यी कामका बारेमा नेपालको नापी विभाग र परराष्ट्र मन्त्रालयले हेर्ने गरेका छन् । भनिएको के छ भने शतप्रतिशत काम पूरा नभएकाले यसलाई सार्वजनिक गरिएको छैन र विज्ञहरूलाई हेर्न पनि दिइउको छैन ।

सीमा सिद्धान्तअनुसार शतप्रतिशत सीमाङ्कन गर्ने काम पूरा नभएसम्म यो सार्वजनिक पनि गरिदैन र भनिएको छ गर्न पनि हुँदैन । बरु यो काम पूरा भएपछि दुबै देशका परराष्ट्र मन्त्रीहरूले त्यसमा हस्ताक्षर गर्छन् । यसलाई प्रोटोकल भनिन्छ । उक्त प्रोटोकलमा हस्ताक्षर भएपछि दुबै देशका परराष्ट्र मन्त्रीहरूबीच एकआपसमा यसलाई हस्तान्तरण गरिन्छ । जुन देशमा उक्त प्रोटोकल तयार पारिन्छ, त्यो देशका प्रधानमन्त्रीको उक्त समयमा अनिवार्य उपस्थिति हुनु पर्दछ ।

तर ९७ प्रतिशत काम पूरा भइसकेको भनिएको काम र नापी नक्शालाई भारतीय पक्षले कार्यान्वयन गर्ने भनी निकै दबाब दिइरहेको छ । भारतबाट सिर्जित दबाबभित्र केही न केही गडबडी गरिएको सहजै अनुमान गर्न सकिन्छ । ९७ प्रतिशत काम पूरा भइसकेको भनिएको भए पनि त्यो काम शुद्ध र स्पस्ट नभएको देखिन आउँछ । त्यहाँ पनि सीमा मिचेर नक्शा बनाइएको छ । नेपालको सरकारमाथि नेपालका सीमास्थित स्थानीय जनता, सीमाविद तथा सचेत नागरिक समाजको पनि कम ठूलो दवाव छैन । त्यसैले नेपाल सरकार त्यो काम अघि बढाउन वा हस्ताक्षर गर्न भारतसँग आनाकानी गरिरहेको छ ।

सिद्धान्ततः सबै काम पूरा भइसकेपछि 'प्रिनिपोटेन्सियरी' मा हस्ताक्षर गरिन्छ । त्यो हस्ताक्षरपछि सीमांकनको काम पूरा भएको मानिन्छ । हामी नेपालीले स्थलगत भ्रमण र सर्भेगर्दै सीमा तयार पारिनु पर्छ भनी सीमा टीमलाई थप दबाब दिनु पर्छ । अहिले नेपालले काम पूरा नभइसकेको स्थितिमा किन प्रिनिपोटेन्सियरीमा हस्ताक्षर गर्नु परेको छ र ?

ताप्लेजुङ देजमोको जिल्ला भेला सम्पन्न

ताप्लेजुङ । ताप्लेजुङ जिल्लाको सदरमुकाम फुडलिङमा बिहीवार सम्पन्न देशभक्त जनगणतान्त्रिक मोर्चा नेपालको दोस्रो जिल्ला भेलाले वीरहाङ चोङवाङको अध्यक्षतामा ११ सदस्यीय जिल्ला समिति चयन गरेको छ । देशैभर चलाइएको पाँच महिने संगठन विस्तार तथा सुदृढीकरण अभियानको अन्तिम संश्लेषणका रूपमा मोर्चाको जिल्लास्तरीय भेला सम्पन्न भएको बताइएको छ ।

निर्वाचित जिल्ला समितिको सचिवमा विपना सुब्बा र सदस्यहरूमा भक्त याडदेन, मणि राई, अग्नि, मिलन, प्रकाश, मनिष थेबे, ललित सेरेङ, सुरेश सेरेङ र सुशीला राई रहनु भएको छ ।

एक मिनेट मौन धारणपछि सुरु भएको मोर्चा जिल्ला भेला कार्यक्रमका प्रमुख अतिथि केबी फुदोङले मोर्चा क्रान्तिका तीन जादुगरी हतियारहरूमध्ये एउटा महत्वपूर्ण हतियार भएकाले यसमा आवद्ध साथीहरू जनताका नेताका रूपमा स्थापित भई उनीहरूको अगुवाइ गर्नुपर्छ भन्नुभयो ।

त्यसैगरी यूरोप पार्टी इन्चार्ज तथा बिगेसो अध्यक्ष पदम लिम्बूले विदेशमा गएर अरुको सेवामा इमान्दारिताका साथ काम गर्ने नेपालीहरू आफ्नो देशमा राजनीतिक परिवर्तन ल्याउन र देशभित्रका आफ्नै बुवाआमा, दाजुभाइ तथा दिदीबहिनीहरूको सेवा गर्न कुनै कसर बाँकी नराख्ने कुरामा जोड दिनु भएको थियो ।

लिम्बूवान मुक्तिमोर्चाका जिल्ला अध्यक्ष यात्रायाङदेनले पनि मोर्चा भेलामा शुभकामना मन्तव्य दिनु भएको थियो । भेला कार्यक्रममा विपन सुब्बाले स्वागत भाषण गर्नु भएको थियो र भने कार्यक्रम सञ्चालन सुरेश सेरेङले गर्नु भएको थियो । भेलाको अध्यक्षता बिरहाङ सेरेङ चोङवाङले गर्नुभएको थियो

चे आज पनि करोडौं श्रमजीवी जनतामाझ ज्युँदै छन्

चे ग्वेभेरा अर्जेन्टिनाको रोसारियोमा सन् १९२८ मा जन्मिएका थिए । आज उनी जन्मिएको पनि ९० वर्ष पूरा भइसकेको छ ।

विश्वका मार्क्सवादी क्रान्तिकारीहरूले चे ग्वेभारालाई विश्व क्रान्तिका नायकका रूपमा स्मरण गर्छन् । उनी अर्जेन्टिनामा जन्मिएर क्युवामा क्रान्ति सम्पन्न गरी बोलिभियाको मुक्तियुद्ध लडिरहँदा अक्टोबर ९ सन् १९६७ मा मारिएका थिए ।

उनले व्यक्तिगत स्वार्थ परित्याग गरी विश्वका श्रमजीवीहरूको मुक्तिका खातिर आफ्नो सिंगो जीवन बलिदान गरेका थिए । अर्जेन्टिनाको एक मध्यम वर्गीय परिवारमा जन्मेका उनी पेशाका हिसावले मेडिकल डक्टर थिए । शिक्षित र जानेबुझेको परिवार जन्मेकाले उनको जनसाधरणप्रति गहिरो झुकाव थियो भने अर्कोतिर पुँजीवादी साम्राज्यवादप्रति उनको चर्को घृणा थियो ।

सानैदेखि विद्रोही स्वभावका उनी नयाँ र सिर्जनात्मक कामहरूमा निकै आँखा लगाउँथे । केही नयाँ सोच भएकाले उनी अध्ययन बाहेक सामाजिक काममा गहिरो चासो राख्ने गर्दथे ।

अध्ययन सिध्याउँदै गर्दा मार्क्सवाद र मार्क्सवादी आन्दोलनतर्फ उनी आकृष्ट हुँदै गए । उनी डाक्टरी पेशा छाडेर क्युवाको क्रान्तिमा फिडेल क्यास्ट्रो र उनका भाइ राहुल क्यास्ट्रोसँग छापामार युद्धमा सामेल भएका थिए । क्रान्ति सम्पन्न भएपछि उनी क्युवाली सरकारका मन्त्री पनि भए ।

उनलाई मन्त्री बनेर बसिराख्न मन लागेन । त्यसपछि क्युवा छाडेर उनी बोलिभियाली जनताको साथ दिन पुगे । छापार युद्ध लड्दालड्दै उनी अमेरिकी रेञ्जर फोर्सको घेरामा परी मारिए र उनको लाश बेपत्ता बनाइयो । तर लगभग ४७ वर्ष पछि आएर मारियो भर्गास नाम गरेका एक बोलिभियाली पूर्व सैनिक जनरलले चेको चिहान सिकाएपछि उत्खनन् गरियो र चेको अस्थिपञ्चर ठूलो जनसहभागिताका साथ क्युवा पुऱ्याएर सार्वजनिक गरियो ।

आज चे विश्वभरका श्रमजीवी जनताका माझ अझैं जीवन्त आदर्शका रूपमा बाँचिरहेका छन् ।

मोदीको छायाँमा ओलीको चीन भ्रमण

काठमाडौं । असार ५ गते प्रधानमन्त्री ओलीद्वारा गरिन लागेको चीन भ्रमण वास्तवमा भ्रमणपूर्व नै वृष्टि छायाँमा परेको छ । भ्रमण टोलीमा गृहमन्त्री रामबहादुर थापा, परराष्ट्र मन्त्री प्रदीप ज्ञवाली, उर्जा मन्त्री वर्षमान पुन, भौतिक पूर्वाधार तथा यातायात मन्त्री रघुवीर महासेठ, प्रधानमन्त्रीका मुख्य सल्लाहकार विष्णु रिमालसहित सङ्घीय संसदका सांसदहरू तथा उच्च सरकारी अधिकारीहरू लिएर जान थालेका प्रम ओलीको चीन भ्रमण चर्चाविहीन हुन पुगेको छ ।

सरकारी स्तरबाट चीन भ्रमणका लागि केही गृहकायमा जुटेको भनिए पनि कुनै पनि नयाँ एजेण्डाले ती गृहकार्यमा प्रवेश पाउन सकेका छैनन् । अचम्मको कुरो त के पनि छ नभने यो भ्रमण जनसरोकारको विषय पनि बन्न पुगेको छैन । निकै नै हल्लाखल्ला र जनचासोका साथ भएको ओलीको पहिलो प्रधानमन्त्री हुँदाको भ्रमणको तुलनामा अहिलेको उनको भ्रमण बढी स्खलित हुन पुगेको छ ।

गृहकार्यमा जुटेका सम्बन्धित मन्त्रालय र निकायहरूका अुसार प्रधानमन्त्री ओलीको चीन भ्रमण पनि भारतको भ्रमणजस्तै हुने छ । नयाँ सम्झौताहरू हुने र गरिने भन्दा पनि पुरानाको कार्यान्वयनमा जोड दिइने कुरा प्रम ओलीको प्राथमितामा रहेको बताइएको छ ।

चीनबाट काठमाडौंहुँदै लुम्बिनीसम्म चीन सरकारले नै पुऱ्याइदिने भनेको रेल र रेल मार्ग आधा कटौतीमा परेको छ । चीनको रेल यदि बनेछ भने अब काठमाडौंसम्म मात्र आउने छ । यसका पछाडी प्रधानमन्त्री के पी ओलीका व्यवहारहरूले निकै असर पारेका छन् ।

ओलीको चीन भ्रमण उनको दोस्रो प्रधानमन्त्री कालमा पनि प्राथमिकतामा परेन । भारत भ्रमणको लगत्तै केपीको चीन भ्रमणको कुरा आएको थियो । तर भारतीय प्रधानमन्त्री मोदी चीन भ्रमणमा उक्लिएपछि नेपालका प्रधानमन्त्री ओलीको चीन भ्रमण एक किसिमले चीनका लागि पेन्डिमा रहे सरह हुन पुग्यो ।

मोदीको भ्रमणका बखत चीन र भारत दुई ठूला शक्ति राष्ट्रका बीचमा आपसी सम्बन्ध सुधार भएपछि नेपालका प्रधानमन्त्रीको चीन भ्रमणको महत्व घट्न पुग्यो । 'अघिको अघाऊ र पछिको पछुताऊ' भने झैं नेपालसँग सम्बन्धित कतिपय भूराजनीतिक महत्वका विषयहरूमा यी दुई देशहरूका बीचमा छलफल र समझदारी पनि बन्न गएकाले नेपालको चासो वा चिन्ता ओझेलमा पर्न गएको देखिएको छ ।

त्यो पहलकदमी नेपालले र यसका भर्खरै बनेका प्रधानमन्त्रीले लिन सक्नु पर्दथ्यो । आफ्नो देश वा फ्रस्ट पर्सनका बारेमा विदेशी वा छिमेकीहरूले द्वीपक्षीय वा सेकेण्ड र थर्ड पर्सनले उनीहरूको स्वार्थका आधारमा निर्णय लिइदिन थाले भने नेपालको वैदेशिक नीति र कूटनीतिक सम्बन्ध कति महत्वको रहला ?

नेपालको लिपुलेक भारत र चीनको बाँडीचुँडीमा त्यसै परेको होइन । यो कटुसत्यलाई पचाउने होइन, बरु गम्भीरताका साथ समीक्षा गर्नु जरुरी छ ।

भारतीय प्रधानमन्त्री मोदी चीन भ्रमणमा गएपछि एक कूटनीतिक स्तरमा बनेको समझदारीका कारण नेपालको छिमेकी देशहरूमा पहुँच पनि ह्वात्तै घटेको छ । सधैं नेपाललाई सम्झने उत्तरी छिमेकी देश चीनले भर्खरै बोआओ फोरम र साङ्घाई कोओपरेशन जस्ता दुईदुईवटा अन्तर्राष्ट्रिय महत्वका कार्यक्रमहरू गऱ्यो । तर उसले ती कार्यक्रमहरूमा नेपालको अनुपस्थितिको कुनै आभाष नै गरेन ।

रेल, तेल, नून र लत्ताकपडामा चीनबाट गरिने आयातलाई पछिल्ला दिनहरूमा निकै महत्व दिने गरेको नेपाल, नेपाल सरकार र यसका कूटनीतिक अङ्गहरूले माथि उठाइएका प्रशनहरूको सामान्य आँकलन पनि गर्न भ्याएका छन् कि छैनन्, यो जनताको चासोको विषय बन्न पुगेको छ ।

प्रम ओली 'मिष्टर नओ अल' वा सर्वज्ञ बन्न चाहन्छन् । तर छिमेकी राष्ट्रहरूमा न त सीमाका कुरा राख्न सक्छन्, न त हाम्रा उत्पादित सामानहरू ती राष्ट्रहरूले आफ्ना बजारमा नलगिदिएको गुनासो गर्न नै सक्छन् । बरु नेपाल फर्किए भने त्रिभुवन विमानस्थलमा झर्ने बित्तिकै व्यापारका कुराहरू उठाएको छु र सीमाका कुरा पनि उठाएको छु भन्न पछि पर्दैनन् । उनी नेपालीहरूमाथि झम्टन्छन् । विदेशीका सामु लम्पसार पर्छन् । उनलाई लाग्दो होला 'हम ने ठगे सारा दिल्ली, हम को ठगे घर के बिल्ली ?' यो असक्षम र कायर स्वभावको अभिव्यक्ति पनि हो ।

चीन जाने तयारीमा रहेका भए नेपालका व्यापारीसँग उनले कति छलफल गरे ? अर्थविदहरूसँग के सुझाव मागे ? चीनको 'इन्टेरेस्ट' बारे कुटनीतिक क्षेत्रमा कत्तिको बहस चलाए ? चीन के चाहन्छ र हामी नेपाली के चाहन्छौं ? जनसाधरणलाई के जानकारी गराए ? एउटा प्रजातान्त्रिक देश र शासन व्यवस्थामा एकजना राज्य प्रमुखले राजाले जस्तो गरी एक्लै मनगढन्ते रूपमा राज्यको अन्तर्राष्ट्रिय मामलामा जे निर्णय लिए पनि हुन्छ र ?

त्यसैले प्रधानमन्त्री ओलीले भारतीय प्रधानमन्त्री मोदीको वृष्टि छायाँमा परेको आफ्नो चीन भ्रमणलाई त्यहाँ जानुपूर्व जनचासोसँग जोडेर सजीव बनाउनु जरुरी छ ।

देजमो...

अपराधीकरणलाई राजनीतिकरण गरिएको छ । स्वास्थ्य, शिक्षा जस्तो आधारभूत विषयलाई समेत निजीकरण र व्यापारीकरण गरिएको छ । जस कारण यो जनताको पहुँचभन्दा धेरै टाढाको विषय बन्न गएको छ । व्यापार घाटा कयौं गुणा बढेर गएको छ । उत्पादनको कुनैपनि क्षेत्रमा वैज्ञानिक प्रणाली कायम हुन सकेको छैन । मजदुर विरोधी ऐन (नो वर्क नो पे) लागू भएको छ र मजदुरहरूको रोजगारीमा कुनै सुरक्षा छैन । साना किसानहरूलाई अनुदान सहुलियत ऋणबाट वञ्चित गरिएको छ । ठुला र पहुचवालहरूले अनुदान र सहुलियत ऋणमा कब्जा जमाएका छन् । कृषक समूह र कृषि सहकारीलाई दर्ता प्रक्रियालाई जटिल बनाउदै कृषिलाई कम्पनीकरण गरी सरकारले कर असुलि गर्ने सजिलो उपाय रचेको छ । आधारभूत वर्ग, किसान, मजदर, श्रामजीवि गरिब जनताको स्थिति झन जटिल बन्दै गइरहेको छ । मुलुकमा समृद्धि र स्थिरताको आधार प्राकृतिक श्रोत साधन र मानविय संसाधन हो । सरकारले जलश्रोतमा राष्ट्रघाती सम्झौता गरी भारत सरकारलाई बुझाई सकेको छ भने दैनिक करिव १५ सय नेपाली युवा श्रमशक्ति विदेशी बजारमा पलायन भइरहेको छ । यस्तो अवस्थामा मुलुकको समृद्धि कसरी सम्भव छ ? विप्रेषणको न्युनीकरण र दलाल पूँजीको अन्त्य गरी स्वाधीन राष्ट्रिय अर्थतन्त्रको विकास नगरी समृद्धि सम्भव छैन । शान्ति र समृद्धिको लागि शासन र व्यवस्थामै आमूल परिवर्तन अपरिहार्य छ ।"

ज्ञापनपत्रमा अगाडि भनिएको छ, "यो संविधानले उत्पीडित जाति, आदिवासी, जनजाति, मुस्लिम, मधेशी, दलित, महिला तथा श्रमजीवि वर्ग माथि विभेद कामयै राखेको छ । द्वन्द्वको मुख्य कारण विभेदकारी संविधान हो । अभाव र विभेद कायम राखेर समृद्धि र स्थिरता कसरी सम्भव छ ? केवल यो सस्तो लोकप्रियताका लागि राजनैतिक नारामा मात्र सीमित हुन आउछ । कर र महंगी बृद्धिले जनता दोहोरो मारमा परिरहेका छन् । जनताको जीविकोपार्जन नै कष्टकर बन्दै गएको छ ।"

मोर्चाले भारतीय प्रधानमन्त्री मोदीको नेपाल भ्रमणका क्रममा भारतीय सेना हाम्रो देशमा तैनाथ गरिनु, ६ दर्जनभन्दा बढी स्थानमा सीमा अतिक्रमण गर्नुले नेपालको स्वतन्त्रता, सार्वभौमसत्ता र अखण्डतामाथि गम्भीर आघात पुगेको भन्दै ३८ बुँदे माग पुरा नभए संघर्षको विकल्प नरहने चेतावनी पनि दिएको छ ।

ज्ञापनपत्रमा राष्ट्रियता सम्बन्धी ८ बुँदा, जनतन्त्र सम्बन्धी १४ बुँदा र जनजीविका सम्बन्धी १६ वटा बुँदामा मागहरू प्रस्तुत गरिएको छ । उक्त मागहरू निम्न अनुसार रहेका छन् :

राष्ट्रियता सम्वन्धी

१. मुलुकको सार्वभौमिकता, राष्ट्रिय स्वाधिनता र अखण्डतालाई दृढताकासाथ रक्षा तथा सम्वर्धन गरियोस् ।

२. ताप्लेजुङ्गको टिम्वुङ्ग पोखरी, पाचथर र ईलामको च्याङ्गथापु, ईलामको मानेभञ्याङ्ग, सन्दकपुर, पशुपतिनगरको हिले, झापाको महेशपुर, भद्रपुर, सुनसरीको कप्तानगञ्ज लगायत विभिन्न ठाउँमा भएको सिमा अतिक्रमण बन्द गरियोस । संघीय सरकारसँग समन्वय गरी यस प्रदेश अर्न्तगतको अन्तराष्ट्रिय सिमालाई नियमन गरियोस् ।

३. अतितक्रमित भूमि तुरुन्त फिर्ता गराइयोस् ।

४. प्रदेश नं. १ अर्न्तगतको सप्तकोशी लगायत अन्य सम्पूर्ण जलश्रोतमाथि जनताको अधिकार सुनिश्चित गरी "जसको स्रोत उसैको स्वामित्व, जनताको लागानी जनताकै आम्दानी" सुनिश्चित गरियोस् ।

५. राष्ट्रघाती, जनघाती अरुण तेश्रो सम्झौता खारेज गरियोस् ।

६. जलमार्ग निर्माणको नाममा कोशी उच्चवाँध बनाउने षड्यन्त्र बन्द गरियोस् ।

७. सप्तकोशी बाँध (कोशी व्यारेज) बनाउदा अतिक्रमित भुमिको क्षतिपूर्ति र मुआब्जा अविलम्ब दिलाईयोस् ।

८. १९५० लगायत सम्पूर्ण असमान सन्धी सम्झौता खारेज गरियोस् ।

जनतन्त्रको विषय

९. राज्य सत्ताका सम्पूर्ण अङ्गहरूमा किसान, मजदुर, उत्पीडित वर्ग, जाति, क्षेत्र र लिङ्गका आधारमा जनतालाई समानुपातिक प्रतिनिधित्वको सुनिश्चितता गरियोस् ।

१०. पहिचान सहितको संघीयता कामय गरियोस् । १ नं. प्रदेशको नामाकरण ऐतिहासिक पहिचानको आधारमा किरात, लिम्वुवान र कोचिला (किलिको) नामाकरण गरियोस् ।

११. दलितहरूमा हुने सामाजिक विभेदलाई अन्त्य गर्न व्यवहारिक रूपमै सामाजिक अपराध घोषणा गरियोस् । साथै सामाजिक जनचेतना अभिवृदि गर्नका लागी दलितहरू कै नेतृत्व र सहभागीतामा प्रभावकारी योजना तथा कार्यक्रम निर्माण गरी कार्यान्वयन गरियोस् ।

१२. बहुभाषी नीति अर्न्तगत सवै राष्ट्रभाषाहरूलाई प्रादेशिक सरकारी कामकाजको भाषाको रूपमा प्रयोगमा ल्याईयोस् ।

१३. राज्यको सबै तहमा न्यूनतम पहुँचका लागि सिमान्तकृत, अल्पसंख्यकहरूलाई 'एक जाति एक प्रतिनिधि' को आधारमा प्रतिनिधित्व गराईयोस् ।

१४. नेपाल बहुसाँस्कृतिक मुलुक भएकोले सवै जातीको सास्कृतिक पर्वमा विदा दिई राष्ट्रिय महत्वको रूपमा आत्मासात गरियोस् ।

१५. धर्मनिरपेक्षको कथित् स्पष्टिकरणलाई हटाईयोस र धर्मनिरपेक्षताको मर्म, भावना विपरित ऐन कानुन खारेज गरियोस् ।

१६. महिला माथिको भेदभावको अन्त्य गरियोस् । सन्तानको नागरिकता र सम्पतिमाथिको अधिकार समान रूपमा कामय गरी प्रभावकारी ढङ्गले कार्यान्वयन गरियोस् ।

१७. मानव अधिकार, महिला, दलित, आदिवासी जनजाति, मुस्लिम, सुकुम्वासी लगायतका सम्पूर्ण आयोगहरूलाई अधिकार सम्पन्न बनाई, कानुन निर्माण गरी यथाशीघ्र कार्यान्वयन गरियोस् ।

१८. जनयुद्ध, जनआन्दोलन तथा उत्पीडित वर्ग, जाति, क्षेत्र र समुदायका आन्दोलनहरूको भावनालाई आत्मसात गर्दै जनयुद्धको क्रममा वेपत्ता पारिएका नागरिकको स्थिति सार्वजनिक गरियोस् साथै सम्पूर्ण द्वन्द्वकालीन मुद्दाहरू खारेज गरियोस् ।

१९. पिछडिएको समुदाय, आदिवासी जनजाति, दलित अल्पसंख्यक, मुस्लिमलाई दिँदै आएको समावेसी कोटालाई हितमा प्रभावकारी ढङ्गले कार्यन्वयन गरियोस् ।

२०. संविधानमै निहित नागरिकको मौलिकहक स्वास्थ्य, शिक्षा, रोजगार, सामाजिक सुरक्षाको विषयलाई कानुन निर्माण गरी व्यवहारिक रूपमा यथाशीघ्र कार्यान्वयन गरियोस् ।

२१. भूमिहीनलाई भूमि प्राप्तगर्ने अधिकार, सुकुम्वासिलाई वसोवासको आधारमा धनिपूर्जाको व्यवस्था, वेरोजगारलाई रोजगारीको अधिकार ग्यारेन्टी गरियोस् ।

२२. प्रकृतिक श्रोत साधन (वन, खोला, नदी) आदिमा सत्ता र शक्तिको दुरूपयोग गरी गरिने अनियमितता अविलम्व बन्द गरी त्यस्ता श्रोतको संरक्षण गरियोस् ।

२३. खाद्य सुरक्षा अर्न्तगत सम्पूर्ण नागरिकलाई रासन कार्डको व्यवस्था गरी खान र बाच्न पाउने अधिकारको ग्यारेन्टी गरियोस् ।

२४. आकासिदो महंगी र मूल्य बृद्धि तुरुन्त नियन्त्रण गरियोस् ।

२५. स्वास्थ्य, शिक्षामा, नीजिकरण र व्यापारि करणको अन्त्य गरि 'एक शिक्षा, एक स्वास्थ्य' नीति निर्माण गरी वैज्ञानिक तथा व्यवहारिक प्रणाली राज्यको दायित्व भित्र राखि तुरुन्त लागू गरियोस् ।

२६. मजदुर विरोधी ऐन (हायर एण्ड फाएर र नो वर्क नो पे) खारेज गरियोस् ।

२७. किसान आयोग निर्माण गरी किसानहरूको वर्गीकरण गरियोस् । कृषि अनुदान, सहुतियत ऋण पहुचवालले मात्र लिँदै आएकोले, त्यसलाई तुरुन्त अन्त गरि आधारभुत किसानहरूलाई वितरण गरियोस् ।

२८. किसानहरूलाई सिँचाइ, मल, वीउ किटनासक औषधी, मेशिन तथा औजार, कृषि परार्मश सेवा सर्वसुलभ ढङ्गले उपलव्ध गराइयोस् ।

२९. उत्पादित कृषिजन्य वस्तुहरूको बजार, भण्डारण र उचित मुल्यको व्यवस्था गरियोस् ।

३०. अस्वभाविक रूपमा जनताको ढाड सेक्नेगरी बढेको करको दर घटाउदै, करको नयाँ क्षेत्रको विस्तारमा जोड दिइयोस् । कृषिजन्य वस्तुहरूमा लाग्ने निकासि करमा कर बराबरको रकम सरकारले अनुदानको रूपमा व्यवस्था गरियोस् ।

३१. नेपालमा उत्पादन गरी आत्मनिर्भर हुन सकिने वस्तुहरूको वर्गिकरण गरेर त्यस्ता वस्तुहरूको पैठारी रोकियोस् ।

३२. दलाल पूँजीवादी अर्थ व्यवस्था खारेज गरी स्वाधीन, जनवादी अर्थ व्यवस्था निर्माण गरियोस् ।

३३. प्राकृतिक स्रोत साधन लागयत आधार भूति विकास निर्माणमा राष्ट्र र जनताको लगानी र सहभागितालाई सुनिश्चित गरी विकास र समृद्धिलाई संस्थागत गरियोस् ।

३४. कृषि, उद्योग र सेवा सबै क्षेत्रमा राष्ट्रिय पूँजीको प्रयोग गरी स्वाधीन राष्ट्रिय अर्थतन्त्रको विकास गरियोस् ।

३५. स्वदेश मै रोजगारीको सृजना गरि युवा शक्तिलाई राष्ट्र निमार्णमा लगाईयोस् ।

३६. नीतिगत भ्रष्टचार, भ्रष्टचार, तस्करी, कमिशनतन्त्र, घुसखोरी, नातावाद, कृपावाद र दण्डहिनताको पूर्ण अन्त्य गरी सुशासन कामय गरियोस् ।

३७. सबै क्षेत्रमा कायम रहेको सिन्डिकेट, गुण्डागर्दी, माफियातन्त्र, कालाबजारीको अन्त्य गरियोस् ।

३८. सूचना तथा सञ्चारको क्षेत्रमा भएको अनियमिततालाई अन्त्य गरी जनमैत्री सूचना प्रविधि उपब्ध गराइयोस् ।

'राइजिङ कश्मीर' का सम्पादकको गोली हानी हत्या

काठमाडौं । भारत-पाक विवादास्पद क्षेत्र जम्मुकश्मीरमा लामो समयदेखि सञ्चार क्षेत्रमा काम गर्दै आएका भारतका वरिष्ठ पत्रकार एवम् 'राइजिङ कश्मीर' का सम्पादक सुजात बुखारीको गोली हानी हत्या गरिएको छ । जम्मुकश्मिरको सुरक्षित भनिने क्षेत्र राजधानी श्रीनगरमै बिहीबार उनको हत्या भएको हो ।

जम्मुकश्मिरका प्रहरी अधिकारीको भनाइअनुसार ४८ वर्षका बुखारी श्रीनगरको लालचोक सिटी सेन्टरबाट पार्टी भोजमा जाँदै थिए । यसरी जाँदै गर्दा अज्ञात समूहद्वारा गोली प्रहार गरी उनको हत्या गरिएको थियो । हत्या गरिंदाका बखत उनी उनका निजी अङ्गरक्षका साथमा थिए । उनको निजी अङ्गरक्षकको पनि गोली लागी मृत्यु भएको छ ।

सीमा अवलोकन, निरीक्षण र जनजागरण

क. अटल

बिहानको ८.० बजेको थियो । हामी डडेल्धुराबाट बैतडी प्रस्थान गर्‍यौं । राष्ट्रिय झण्डा र युवा विद्यार्थीको झण्डासहित बैतडी पुगेपछि पुलिस प्रशासनलाई जानकारी गराउँदै टोली अगाडि बढ्यो । राजनैतिक ज्ञानको अभावमा कतिपय प्रहरीहरूले (क्रान्तिकारी माओवादी) नभनी विप्लव समुह भनेर रिपोर्ट गर्दा रहेछन् । त्यसले गर्दा अनावश्यक सोधपुछले बीच-बीचमा हैरान पार्ने काम पनि भयो ।

चैत्र २७ गते बिहान ११.० बजे हामीले बैतडीको पाटनमा गएर कोणसभा सम्पन्न गर्‍यौं । सानो साउण्ड बक्सको माइक्रोफोन बिग्रिएको थियो । बिना माइक बोल्दा पनि जनसमुदायले ध्यानपूर्वक सुनेर हामीलाई उत्साहित बनाउनु भयो । बिहानको खाना पाटनमा खाएर हामी दार्चुलाको लागि प्रस्थान गर्‍यौं । दार्चुलाको पारि गोकुलेमा चैत्र २७ गते नै अर्को कोणसभा गर्‍यौं । २१ गते देखिको हामीले सीमा निरीक्षण, अनुगमन र जनतालाई जागरुक बनाउदै हामी दार्चुलाको हिउँदे अन्तिम मानव वस्तीसम्म पुगेर सप्तरीका तिलाठीका जनताले जस्तै व्यास गाउँपालिका दुम्लिङका जनताले गरेको साहसी कामको बारेमा जानकारी गरायौं । त्यसप्रति ऐक्यबद्धता जनाउँदै गोकुलेका जनताले दिएको न्यानो माया लिएर हामी दार्चुलाको सदरमुकाम खलङ्गा प्रस्थान गर्‍यौं ।

२०७२ श्रावणमा हाम्रै पार्टीको विद्यार्थी सङ्गठनले 'लिपुलेक जाऔं' अभियान चलाउँदा भारतीय गुप्तचर संस्था रअ ९च्ब्ध० ले दुख दिएको थियो । धार्चुलामा सतर्क पोजिसनमा बसेको रअले ' लिपुलेक जाऔं' भन्ने टोपी लगाएको विद्यार्थीलाई सीमा पुलको बीचबाटै गिरफ्तार गरेर सीमा पारि लगी यातना दिएको थियो । अपशब्द बोल्दै अभद्र व्यवहार गरेको थियो । त्यसैले हामीले दुम्लिङ नपुगी यता केही कार्यक्रम नगर्ने भनेर राती ९.० बजेतिर हामी दार्चुला खलङ्गा पुग्यौं । दार्चुलाको पार्टीले खाने र बस्ने व्यवस्था मिलायो ।

राष्ट्रियता, जनतन्त्र र जनजीविकाको विषय एकआपसमा सम्बन्धित भएपनि भावनात्मक सम्मोहनको मात्रा फरकफरक हुनाले हामीले पौने तीन करोड नेपालीको विषयलाई साझा बनाउनु जरुरी पर्छ । जसले गरे पनि राष्ट्रियताको आन्दोलनलाई सहयोग र समर्थन गर्नुपर्छ ।

भारत-चीन युद्धको बेला २०१८ सालदेखि मिचिएको जमीनको पर्दाफास बहुदल आएपछि मात्र भयो । आफूलाई राष्ट्रियताको मसिहा ठान्ने पञ्चायतले देश र जनताका विरुद्धमा गरेका कामहरू कसरी लुकाएर राखेको रहेछ ? बाहिरबाहिर विस्तारवादको विरोध गर्नेले भित्रभित्र भारतसँग १९६५ को जीता गोप्य संझौता गरेको खुल्न आयो ।

कालापानी, लिम्पियाधुरा, लिपुलेकको सम्बन्धित राष्ट्रिय बहसमा ल्याउने ती सबै प्रेमसिंह धामी, मालेका राष्ट्रिवादी विद्यार्थीहरू अखिल क्रान्तिकारी, द्वारिकानाथ ढुङ्गेल, बुद्धिनारायण श्रेष्ठ सबैप्रति धन्यवाद दिनु पर्दछ । यहाँ एउटा भन्नै पर्ने कुरा के छ भने भारतले नाकाबन्दी लगाएको बेलामा योगेश भट्टराईको टिम गएको रहेछ कालापानीमा । भारत निकै उत्तेजित भइरहेको र नेपालीहरूलाई झन् बढी हेपेको बेलामा त्यहाँ पुग्दा सिमानामा तैनाथ एस.एस.वी. आई.टी.एफ. ले टाढै बाट हतियार लोड गरेर ताकेर तर्साएछ ।

हाम्रो गतिविधिबारे जानकारी लिन र अन्य सर सहयोग गर्न दार्चुलाका डि.एस.पीले हामीसँगै पठाइ दिएका १ जना हवल्दार र प्रहरी जवानले अहिलेसम्म कालापानीमा राष्ट्रियताको पक्षमा भए गरेका काम कार्यवाही आएका टीम र राष्ट्रिय जागरण र आन्दोलनका कार्यक्रमबारे जानकारी गराउँदै हामीसँग बाटैभरि गफ गर्ने क्रममा थाह भयो । योगेशको टोली ४ कि.मी. वरै राष्ट्रिय झण्डा गाडेर फर्किएछ उनीहरू फर्किएपछि भारतीय सीमा रक्षकले उनीहरूले नै सीमा त्यही हो भनेर झण्डा गाडेपछि हामीले के भयो र भनेर झण्डा भएकै ठाउँमा पक्की पिल्लर बनाएछ । प्रहरी जवानले त्यो कुरा जिल्लामा जानकारी गराएपछि झण्डा झिकेर ल्याउनु भन्ने प्रशासनको आदेशअनुसार झण्डा त झिकियो, तर पक्की पिल्लर त्यही छ ।

योगेशजी ताप्लेजुङबाट सांसद जित्नु भएको खोइ त समाधान ? भन्ने खालका प्रश्नहरू पनि उठे । यो कुरा थाह पाएका दार्चुलाका जनताले अब तिमीहरू गएर नेपालपट्टी कति सीमा सारेर आउने हौ भन्ने ब्यङ्ग्य वाण बाटाभरि हानिरहे । त्यसको असली कुरा त्यस्तो रहेछ २८ गते हामीले दार्चुलाका प्र.जि.अ. जनार्दन गौतम र प्रहरी नायव उपरीक्षक जनकराज शाहीसँग जानकारी र अन्तरक्रिया गर्‍यौं । "संविधान प्रदत्त हक अधिकारमा रहेर काम गर्नु हिंसात्मक काम कार्यवाही गर्नु भने हामीले सोच्नु पर्छ" भन्ने कुरा राख्नु भयो किन यसो भन्नु भयो थाह भएन । हाम्रो अभियान शान्तिपूर्ण नै हो भन्ने कुरा जानकारी गरायौं र हामी दुम्लिङको लागि प्रस्थान गर्‍यौं ।

बिहान नास्ता गरेर करिब १० कि.मी. महाकाली करिडोरको ट्रयाक खोलेको, तर गाडी चलाउन स्वीकृत नभएको बाटोमा राताकाटे भन्ने ठाउँमा मानिसलाई ओरालेर ४०० मिटर जति ड्राइभरले मात्र साना जीप र ट्र्याक्टर लाने गर्दा रहेछन् । दार्चुलाका २ जना जिल्ला सदस्य जगत धामी र कल्याण सिंह कुँवरलाई गाडीमा राखेर हामीले लग्यौं । उहाँहरूले ओराल्ने ठीक ठाउँ पत्ता लगाउन सक्नु भएन ।

हाम्रो ड्राइभर युवा र साहसी थिए तीनले गाडीलाई चढाइमा उकाले उकालोको अन्तिम विन्दुमा पुग्नै लाग्दा गाडीले तानेन र व्याक भयो । व्याक पनि कन्ट्रोल गरेर करीब १० मिटर तल झारे र भित्तापट्टी लान खोजेको चारै चक्का बटारिएर गाडी मोडियो । पछाडिको भाग महाकालीको डिलमा पुग्यो । गाडी

खस्न १ फिट जति बाँकी हुँदा ब्रेक लाग्यो र हामी बाच्यौं । नत्र २०० मीटर महाकालीमा खसेर हाम्रो एक चिहान हुने थियो । भाग्य भनौ भने भौतिकवादी परियो, नेपाल आमाको सेवा गर्ने अझै मौका रहेछ र बाँचियो । गाडी त्यहीबाट फर्काइदियौं र हामी ११ जना नेपालको झण्डा र युवा विद्यार्थीको झण्डा फहराउदै अगाडी बढ्यौं ।

महाकाली पारी धार्चुला तिरैतिर (छालै छाल) गाडीको बाटो सरर गाडी हिंडिरहेको छ । पारिबाट तीन घण्टामै दुम्लिङ पुगिन्छ । यतावारि भीर पहरा र कन्दराको बाटो झण्डा फहराउँदै नेपाल आमाको प्राकृतिक छटाले भरिपूर्ण हरियाली, छाँगा, छहरा, झरना, खोला (गाड) चिलाउने, उत्तीस र लाली गुराँसको हरियाली वनको अवलोकन गर्दै अगाडि बढ्यौं । बाटामा पानी आयो ।

बड्गाउँमा हामी एउटा घरमा ओत लाग्यौं । हाम्रो अभियानबाट प्रभावित भएर हामी खाना बनाउँछौं खाएर जानोस् भनेर त्यो घरका विद्यार्थीभाइले भने । हामीलाई घरभित्रै बोलाएर राम्रोसँग बस्ने व्यवस्था मिलाएर बिहान खाजा मात्र खाएर हिँडेका गाडीको लफडाले ढिलो भइसकेको र भोक लगिसकेको थियो । हामीले एउटा होटलमा खाना बनाइदिन प्रहरीको सहयोगमा खबर पठाएका थियौं । हामीले खाना त होइन भाइ, अलिकति खाजा बनाइदिनु भयो भने खान्छौं भन्यौं ।

भाइले परिवारलाई भनेर दुई घान गहुँ र भटमास भुटेर ल्याइदिए । करीब २.० बजेको हुँदो हो भोकमा त्यो खाजा अमृतसमान भयो । हामी ३.० बजे हुती पुग्यौं । टावरको समस्याले कुरा बुझिएन छ, खाना बनेको रहेन छ । चाउचाउ बनाउन लगाएर खायौं । त्यो बिहानको छाक पूरा भयो । हामी स्थानीयवासीलाई तीन घण्टा लाग्ने सुनसेरा जहाँ व्यास गाउँपालिका दार्चुलाको झण्डै २५% भूगोल ओगटेको रहेछ, त्यसको केन्द्र गाउँपालिकाको कार्यालय रहेछ । हामीलाई पाँच घण्टा लाग्यो । राती आठ बजे पुग्यौं ।

चैत्रको २८ गते जाडोले पूरै शरीर लुग-लुग काँपिरहेको थियो । सद्यामको होटल भनिने ठाउँमा सुनसेरा प्रहरी चौकीलाई खबर गरेर खाना बनाउन लगाइएको थियो । त्यो दुर्गम ठाउँमा सुनसेरा १४-१५ जना (तीन प्रहरी सहित) सबैलाई सुत्ने ओढ्ने ओछ्याउने कपडा पुग्ने रहेछ । त्यहाँ खाना खाएर सुत्यौं । दुम्लिङसम्म बाटो देखाउन हिँड्नु भएका जिल्ला सदस्य उमेर, स्वास्थ्य र अन्य प्राविधिक कारण अगाडि जान नसक्ने भनेर विदा हुनु भयो कल्याण सिंह कुंवर । हामी ६ बजे बिहानै अगाडि बढ्यौं । करीब १ घण्टा हिँडेपछि गल्फ-४ रमाइलो घर नास्ता पसलमा चिया र बिस्कुट खायौं ।

बीचमा राप्ला र तुषारपानी दुई खोला रहेछन् । अहिले त काठे पुल हालिएको वर्षा याममा निकै डरलाग्दो बाढी आउने र पुल बगाउने रहेछ । राप्ला खोलामा तार टागिएको रहेछ । वर्षा याममा त्यही तारको मद्दतले स्थानीयले खोला तर्ने रहेछन् । हामीसंगै हिडेका प्रहरीलाई साङनाडीमा खाना बनाउन अगाडि पठायौं । बिहान ११.० बजे हामी साङनाडी पुग्यौं । केही समय पर्खेर खाना पाकेपछि खाना खाएर हामी दुम्लिङ लाग्यौं । हामी ३.० बजे दुम्लिङ पुग्यौं ।

राष्ट्रिय झण्डा सीमा जागरण र विद्यार्थीका नारा लेखिएका राता भेष्ट लगाएको हाम्रो टोली देखेर सबै गाउँलेमा उत्सुकता पैदा भयो । हामीले छलफल गर्‍यौं दुम्लिङमा कृषि र सिलाइ-बुनाइ तालिम चलेको रहेछ । घरको कम्तिमा एक जनाका दरले गाउँका प्राय सबै जुटेका रहेछन् । स्थानीयले गाउँका सबै यही मिलन केन्द्रमा जुटेका छन् यही कार्यक्रम गर्नोस् भने । हामीले तम्बाकु, कोट र दोपखेसम्म जाने कुरा गर्‍यौं ।

बैशाख १० बाट यार्सा (कीरा) टिप्न मात्रै मानिस माथि जान्छन् कात्तिक-चैत्रसम्मको व्यास गाउँपालिकाको अन्तिम मानव वस्ती यही हो । सीमा प्रहरी चौकी पनि यही छ । यहाँबाट डेढ-दुई घण्टा हिँडेपछि उत्तरी सीमा लिम्पिया धुरा टिङ्कर पुगिन्छ । कार्तिकदेखि चैत्रसम्म यहाँ भन्दा माथि सबै नेपाली भू-भागमा भारतीयको राइँ-दाइँ चल्छ । टिङ्कर भञ्ज्याङ जोड्ने बाटो भारतीयहरूले खनिरहेका छन् । त्यहाँ गरिएको ब्लाष्टिङबाट उछिट्टिएका ढुङ्गा र पहिरो नेपालतिर आएर यताको बालीनाली र सागसब्जी जम्मै पुरेको छ । यहाँभन्दा माथि जाने बाटो पनि छैन । तपाईहरू अहिले यहाँभन्दा माथि नजानोस् यहाँभन्दा माथि सौकाहरू अब वैशाख १० गतेदेखि असार मसान्तसम्म यार्सा गुम्बा टिप्न जङ्गलमा नै पाल अस्थायी टहरा बनाएर बस्छन् । खासमा यहाँभन्दा माथि सीमासम्म अस्थायी घरमा मानिस बस्ने भनेको साउनदेखि असोजसम्म तीन महिना मात्र हो भनेर हामीलाई गाउँलेले सुझए ।

राता झण्डा र रातै ड्रेस लगाएर वारि-वारि हिँडिरहँदा भारतीय गुप्तचरले कालोम्यानमा पारिबाट हाम्रो निगरानी गरिरहे । कालागाड भन्ने ठाउँमा त पारि र वारिको दुरी १०० मीटर भन्दा पनि कम हुँदो हो । बीचमा महाकाली नदी पारि भारतीयहरूले महाकाली नदीसंगै फेदीमै समानान्तर हुनेगरी मोटर बाटो बनाएका छन् । नेपालतर्फ भने निकै माथिबाट ट्रयाक खोलिएको छ । गाडी भने विना स्वीकृत बाटोमा १० कि.मी. मात्र सदरमुकामबाट आउजाउ गर्छ त्यो पनि साना र ट्र्याक्टर मात्र । दुम्लिङमा हामीले सभा गर्‍यौं । मानिसहरूमा जिज्ञासा, चासो र भय सबै मिसिएको पायौं । हामी २ दिन हिँडेर आएको बाटोमा भारतको बाटो प्रयोग गरेर दुम्लिङमा प्रशासनले इन्सपेक्टरको नेतृत्वमा २८ गते नै प्रहरीको एक टोली पठाइसकेको रहेछ । उक्त टोली २८ गते नै ३ घण्टामा पारि धार्चुलाबाट आएर चौकीमा बसी सकेको रहेछ । दुम्लिङको सानो मिलन केन्द्रको चउर भरियो । हामीले दुम्लिङका जनताको योगदानको कदर गर्दै कुरा राख्यौं । सुरुमा अलि हिचकिचाएका मानिस केही क्षणपछि खुल्न थाले । हामीलाई यहाँ माल गाउँ र दुम्लिङमा काठे पुल हालेर हाम्रा दैनिक आवश्यकताका वस्तुहरू नुन, तेल, चामल, पिठो, चिनी ल्याउन खोज्दा नदिने जवकि दुम्लिङ माल गाउँमा दुई देशका सरकार बीच सहमति भएर झोलुङ्गे पुल हाल्ने टेण्डर भइसक्दा पनि भारतीयले बनाउन नदिने उसलाई आवश्यक पर्ने ठाउँमा भने ५ वटा काठे पुल हालेर पारिपट्टी गोरेटो र घोडेटो बाटो भत्काएर टिङ्कर जाने बाटो बनाइरहेकोले नेपालको बाटो प्रयोग गर्ने र प्राकृतिक साधनश्रोत ढुङ्गा, गिट्टी, बालुवा, जडिबुटी लाने काम गर्ने भएपछि यहाँदेखि माथिका ५वटा काठे पुल हामीले बगाइदिएपछि बल्ल हामीलाई अस्थायी काठे पुल हाल्न दिए भन्ने कुरा राखे ।

राष्ट्रियताको कार्यक्रम भएकोले हामीले कार्यक्रमलाई साझा बनायौं । अस्थायी सीमा चौकीका इन्चार्ज स.ई. धन ब. मिश्र, व्यास गाउँ पालिका २ नं. वार्ड का वार्ड अध्यक्ष नेपाली कांग्रेसबाट जितेका धिरण बुढाथोकीलाई पनि अतिथि बनायौं । उहाँहरूको चिन्ता नेपाल भारत सम्बन्ध विग्रेर हामीलाई नाकाबन्दी लाउने हो कि ? गर्न त हामीले पुल बगाउने काम गरिहाल्यौं भन्ने थियो । हाम्रो तर्फबाट हाम्रो विरोध भारतीय हेपाहा विस्तारवादी शासकविरुद्ध मात्र हो । जनता-जनता बीचको सम्बन्ध त रहिरहन्छ । अझ राम्रो बनाउनोस् । परार पूर्वको पशुपतिनगरमा भारतीय पुलिसले नेपालपट्टी सिमाना सार्न खोज्दा पारि भारतीय जनताले नेपालको सिमाना सार्न पाइँदैन भनेर जहाँको त्यहीं राख्न लगाए । तपाईंहरूको पारी धार्चुलामा रोटीबेटीको सम्बन्ध छ । इष्टमित्र आफन्त छन् । उनीहरूसँग जनस्तरमा सम्बन्ध राख्नोस् ।

पकिस्तान र चीनमा भारतले एक इन्च जमीन छुन पाउँदैन, तुरुन्तै गोली चल्छ । जनताले केही बोल्नु पर्दैन । तपाईहरूले बिना तलब राष्ट्रको सुरक्षा गर्नु भएको छ । पोहोर सप्तरीमा तिलाठीका जनताले त्यसै गरी टाउको फुटाएर, हात भाँचेर सीमानाको रक्षा गरे । तपाईहरूले गर्नु भएको काम तपाईंहरूलाई सामान्य लागे पनि देशवासीले महान् ठानेका छन् । तपाईंहरूलाई स्यावासी धन्यवाद दिन र अभिनन्दन गर्न र रेड स्यालुट अर्पण गर्न हामी हाम्रो पार्टी ने.क.पा. (क्रान्तिकारी माओवादी) यस्का महासचिव क. मोहन वैद्य (किरण) लगायत युवा विद्यार्थीको तर्फबाट सम्पूर्ण राष्ट्रवादी देशभक्तहरूको तर्फबाट साथै ७ नं. प्रदेशका जनताको तर्फबाट आएको भनेपछि खुशी व्यक्त गरे र तालीद्वारा स्वागत गरे ।

वडा अध्यक्ष धीरण बुढाथोकीले निकै मार्मिक भनाइ राख्दै "मुटुभरि मातृभूमिको माया साँचेर मुखले भारतसँग ठीक्क पार्नु परेको छ । महाकाली करिडोरको बाटो छिट्टै बनाउनु पर्‍यो । त्यसो भएमा हाम्रा दैनिक आवश्यकताका वस्तु सदरमुकामबाटै ल्याउन सक्छौ । २०५० सालदेखि २०७४ साल सम्मको २४ वर्षको अवधिमा ट्यूब र तुइनबाट महाकाली तर्दा दुम्लिङवासी २१ जनाको ज्यान गइसकेको छ । सरकारको कानमा बतास लागोस् । हाम्रो दुःख हेर्न र देशवासीको न्यानो माया हामीकहाँ ल्याइ पुर्‍याइदिनु भएकोमा धन्यवाद भन्नु भयो ।" यसप्रकार हामीले ९ दिनको लगातारको दुम्लिङसम्मको यात्रा तय गरेर २०७५ सालको वैशाख १ गते नयाँ वर्षको रक्तिम आभासँगै सदरमुकाम दार्चुला खलङ्गामा आएर पत्रकार भेटघाट गर्‍यौं र वैशाख १ गते ७ नं. प्रदेश सीमा जागरण अभियानको यो चरणको कार्यक्रम समापन गर्‍यौं ।

पत्रकारले हामीलाई किन जानकारी नगराएको भन्नु भयो । हामीले सचेत ढङ्गले भारत उत्तेजित नहोस् र उसले जनतालाई थप दुःख नदिओस् र हाम्रो अभियान सकेपछि मात्र तपाईहरूलाई जानकारी गराउने भनेर यसो गरेको जानकारी गरायौं । पत्रकारहरूले हाम्रो रिपोर्ट स्थानीय एफ.एम. र रेडियो र पत्रिका मार्फत दार्चुलामा राम्रोसँग सम्प्रेषण गरे ।

अन्तमा जापानले चीनमा उपनिवेश कायम गर्दा र भारत बेलायतले उपनिवेशमा रहँदा समेत हाम्रा पुर्खाहरू अमर सिंह थापा, भक्ति थापा, भीमसेन थापा तथा बलभद्रहरूको नेतृत्वमा नेपाली जनताले स्वतन्त्र र सार्वभौमिकता बचाएर राखेका हुन् । कसैको उपनिवेश नभएको चिनियाँ यात्री ह्वाङ सुयेनले नेपाल एशियाकै समृद्ध देश रहेको इतिहासको वर्णनले हामी गौरवान्वित हुनु पर्दछ । सम्पूर्ण नेपालीको यहाँसम्म नेपाललाई ल्याउन धेरथोर योगदान छ ।

आज हाम्रो सीमा मिचिए पनि केही वर्ग किलोमिटर क्षेत्रफल भारतले आफ्नो तर्फ सारे पनि भोलि ८३ हजार मेगावाट बिजुली हामीले निकाल्न सक्दा प्रतिव्यक्ति आम्दानी समानतासहित भारतको र चीनको भन्दा बढी हुने सपना देख्नु पर्छ । हामीले हीनता पाल्नु हुँदैन । आफू कमजोरहुँदा शत्रुले हेप्छन् । थिचोमिचो गर्छन्, चोरले चोर्छ, डाँकाले लुट्छ । बलियो भएपछि ती सबै फिर्ता गर्न सकिन्छ । संसार परिवर्तनशील छ ।

नेपाल र भारतमा प्रतिक्रियावादी सत्ता पल्टाएर जनपक्षीय सरकार आएपछि सबै असमान सम्झौता खारेज गरेर समानताको आधारमा नयाँ सन्धि गर्नुपर्छ । चीनले सय वर्षपछि हङकङ फिर्ता लियो, मकाओ फिर्ता लियो र ताइवान फिर्ता लिने तयारी गर्दैछ । हामीले व्रेस्त लितो भस्क सन्धि सम्झनु पर्दछ । सोभियत सङ्घलाई हिटलरको जर्मनीले खाने भएपछि लेनिनले अपमान जनक सन्धि गर्न बाध्य भएका थिए । सोभियत सङ्घको ठूलो भू-भाग जर्मनीलाई दिएर देश जोगाएका थिए । पछि सोभियत सङ्घ बलियो भएपछि र जर्मनीमा परिवर्तन भएपछि उक्त सन्धि खारेज भयो र सम्पूर्ण भूभाग सोभियत सङ्घले फिर्ता पायो । समानताको 'स' उच्चारण नगरेर विकास, समृद्धि र स्थायित्वको नारादिने कम्युनिष्ट सिद्धान्तको बदनाम गर्ने वर्तमान प्रतिक्रियावादी सत्ताका मालिक कथित 'वाम' सरकारको भ्रममा नपरी असमान सन्धिसम्झौता खारेजीको लागि आन्दोलनको आँधीबेहरी श्रृजना गरौं ।

संशोधनवादीहरूको...

विस्तारवादी र घरेलु संशोधनवादी, प्रतिक्रियावादी शक्तिका विरुद्धमा एक जुट भएर लड्ने छन् ।

अहिले एउटा खतरा के छ भने सरकार स्थानीय तहदेखि प्रदेशहुँदै केन्द्रसम्म एउटै पार्टीको छ । उनीहरू के भन्दै आएका छन् भने वडा अध्यक्ष हाम्रै, गाउँपालिका अध्यक्ष हाम्रै, नगरपालिका मेयर हाम्रै, प्रदेशका मुख्यमन्त्री हाम्रै र केन्द्रीय सरकारका प्रधानमन्त्री पनि हाम्रै । त्यसैले, हामीले जे भन्यौं त्यही हुन्छ । यसले के देखाउँछ भने वर्तमान सरकार फासीवादीकरणको बाटोमा अघि बढिरहेको छ । यो मार्कोसले चलाएको फासीवाद भन्दा कम हुने छैन । हामी भन्न चाहन्छौं तपाईहरूले कम्युनिस्टको नाम बदनाम नगर्नुस् । हामीहरूमाथि आक्रमण गर्ने काम पनि बन्द गर्नु होस् । र बरु तपाईहरूका बारेमा भन्नुहोस् कि 'हामी कम्युनिस्ट पनि होइनौं र गणतन्त्रवादी पनि होइनौं, पदलोलुप र सत्तालोलुप हौं' भनेर जनतासामु भन्नूस् । बहुदलीय व्यवस्थाको विरुद्ध उठेको जनता तपाईहरूका विरुद्ध उठ्ने बाध्यात्मक वातावरण सिर्जना नगर्नोस् ।

दाहालको...

कार्यकर्ताहरूलाई भने- 'व्यक्तिगत स्वार्थका लागि मरिमेट्ने चिन्तन पनि हामीसँग छ, यसले न पार्टीको भलो गर्छ, न देश र जनताको ।'

एकताको महासागरमा पाप पखालिए पछि अब 'राष्ट्रलाई समाजवादतर्फ लैजान एकतावद्ध भएर काम गर्नुको विकल्प नभएको र जनताले दुई कम्युनिस्ट पार्टी एक भयो भन्दैमा छुट पनि नदिने भन्दै राम्रो काम गरे मात्रै जनताको साथ पाउने' कुरा पनि दाहालले दोहोर्‍याए ।

शान्तिकालको पछिल्लो खण्डमा आएर दाहाल पूजाआजा गर्ने, साइत जुराउने, चीना टिपाउने, ग्रहशान्ति गर्ने आदि गर्दै आएका छन् । पछिल्लो चरणमा सामाजीकरणको अमूर्त व्याख्या गर्दै आएका दाहालले अहिले भने आफू पूरै 'रिहाबिलिटेशन'मा गएको स्पष्ट सङ्केत गरेका छन् ।

दाहाल एमाले बनेका, बहुदलीय जनवादलाई स्वीकार गरेका, जनयुद्ध गल्ती र पाप थियो भनेका, अब धर्मकर्ममा लाग्छु भनेका, व्यक्तिगत सुखशान्ति भन्दा ठूलो अरु केही छैन भन्ने गरेका दाहाल अब अध्यात्मवादी र पश्चगामी सामाजीकरणको कुरालाई भेटघाट र प्रशिक्षणको मूल विषयवस्तु बनाउन थालेका छन् । भौतिकवादी संस्कारका हिसाबले 'एकताका दशैंमा टीका नलगाएर चर्चामा आएका, बुबाको मृत्युमा छालाका जुत्तासहित दागबत्ति दिएका र एकताका त्यो भन्दा पनि बढी युद्ध सुप्रिमो बनेका दाहाल अहिले आफ्ना विगतलाई पाप करार गर्दै पश्चात्तापका दिन गन्दै समय व्यतित गरिरहेकोमा कुनै पनि शङ्का छैन ।

बुखारी बाटामा जाँदै गर्दा मोटरसाइकलमा आएका आक्रमणकारीले अन्धाधुन्द गोली प्रहार गरेका थिए । यस अघि पनि गरिएको एक आक्रमणमा बुखारी बाँच्न सफल भएका थिए ।

सम्पादक बुखारीको अहिलेसम्म कसैले पनि हत्याको जिम्मा लिएको छैन । तर सरकारले यो जघन्य अपराधको ततकाल खोजी गरिने बताएको छ ।

मूल्य...

पनि बताएका छन् ।

देशमा समृद्धि र जनतालाई सुखको नारा दिएर सत्तासीन भएको ओली सरकारले आफ्ना चार महिना पनि बिताउन नपाउँदै पेट्रोलियम पदार्थमा पाँचपाँच पटक मूल्य वृद्धि गरिसकेको भन्दै गजुरेलले सरकारलाई चेतावनी दिँदै भने- 'दैनिक उपभोग्य सामानमा मूल्य बृद्धि भई जनसाधरणको जीवनयापन अत्यन्तै कठिनाइपूर्ण बनेको छ, 'समृद्ध नेपाल, सुखी नेपाली' को नारा दिएर बहुमतको सरकार निर्माण गर्न पुगेको ओली सरकारले उल्टै महङ्गीको उपहार दिएर जनतालाई स्तब्ध र आक्रोशित बनाएको छ । यो निम्तो भनेको छोटो समयमै जनतालाई सडकमा उत्रन र सरकारलाई फाल्नका लागि दिइएको निम्तो हो ।'

देश र जनताका विरुद्धमा भइरहेका सबै राष्ट्रघाती एवम् जनघाती सन्धिसम्झौताको एकमुष्ठ अनुमोदन गरेर ओली सरकारले थप राष्ट्रघात र जनघातका लागि अरु दलालहरूलाई कुनै ठाउँ नराखिदिएको स्पष्ट पार्दै गजुरेलले थपे 'शायद उनी दलाल तथा नोकरशाही शासन व्यवस्थाका अन्तिम शासक पनि हुन सक्छन्, किनकि जनता उनी र उनको सरकारसँग निकै नै आक्रोशित छन् ।'

क्रान्तिकारी...

टेलिभिजनमा विगत १२ वर्षदेखि प्रसारण हुँदै आएको कार्यक्रम ''सिधा प्रश्न' बन्द गराइनु, न्यूज २४ बाट पत्रकार रवि लामिछानेले चलाएको 'सिधा कुरा जनतासँग'को कार्यक्रम बन्द गराउन खोज्नु र शान्तिपूर्ण रूपमा भेला प्रदर्शन गर्न पाउने संविधान प्रदत्त अधिकारलाई निषेध गरिनु आदि घटनाक्रमले ओली नेतृत्वको सरकारको निरंकुश र फासिवादी चरित्रलाई प्रदर्शित गरेको भन्दै यस्तो कदमको कडा शब्दमा निन्दा एवम् भर्त्सना गरिएको छ । सरकारको यस्तो कदमका विरुद्धमा प्रेस जगत, श्रमजीवी पत्रकार, सरोकारवाला संगठन तथा नागरिक समाजलाई पनि विरोधमा उत्रन वक्तव्यमा आव्हान तथा अपील समेत गरिएको छ ।

यस्तो छ वक्तव्यको पूर्णपाठ

'संविधान प्रदत्त प्रेस तथा अभिव्यक्ति स्वतन्त्रता तथा नागरिकको मौलिक अधिकारलाई कुण्ठित गराउने गरी पछिल्ला दिनमा सरकारी स्तरबाट भएका घटनाक्रमप्रति हाम्रो संगठनको गम्भीर रूपमा ध्यानाकर्षण भएको छ । सञ्चार तथा सूचना प्रविधि मन्त्री गोकुल बाँस्कोटाको ठाडो निर्देशनमा नेपाल टेलिभिजनमा विगत १२ वर्षदेखि प्रसारण हुँदै आएको कार्यक्रम ''सिधा प्रश्न' बन्द गराइनु, न्यूज २४ बाट पत्रकार रवि लामिछानेले चलाएको 'सिधा कुरा जनतासँग'को कार्यक्रम बन्द गराउन खोज्नु, शान्तिपूर्ण रूपमा भेला प्रदर्शन गर्न पाउने संविधान प्रदत्त अधिकारलाई निषेध गरिनु आदि घटनाक्रमले ओली नेतृत्वको सरकारको निरंकुश तथा फासिवादी चरित्रलाई प्रदर्शित गरेको छ । ओली सरकार तथा सञ्चार मन्त्री बाँस्कोटाको यस्तो कदमको हाम्रो महासंघ कडा शब्दमा निन्दा एवम् भर्त्सना गर्दछ ।

प्रेस तथा अभिव्यक्ति स्वतन्त्रतासँग सम्बन्धित 'सिधा प्रश्न' कार्यक्रम सुचारु गर्न र 'सिधा कुरा जनतासँग' कार्यक्रम बन्द गर्ने षड्यन्त्र नगर्न समेत सम्बन्धित निकायलाई हाम्रो महासंघ यसै वक्तव्य मार्फत् कडा चेतावानी दिन चाहन्छ ।

अन्तमा, प्रेस तथा अभिव्यक्ति स्वतन्त्रता तथा नागरिकको मौलिक अधिकारका पक्षधर आम प्रेसजगत, श्रमजीवि पत्रकार, सरकोकारवाला संगठन र नागरिक समाजलाई ओली सरकारको यस्तो कदमका विरुद्ध एकजुट भई विरोधमा उत्रन पनि हाम्रो महासंघ जोडदार रूपमा आव्हान एवम् अपील गर्दछ ।'

(ने क पा)को...

निकै भड्किलो कार्यक्रमका रूपमा मनाएर जनतालाई देखाउन खोजे पनि उनीहरूले नेकपाको दोसल्ला ओढेर मार्क्सवादमाथि निरन्तर गम्भीर हमलाहरू गरिरहेका छन् ।'

ऐतिहासिक भौतिकवाद र अतिरिक्त मूल्यको सिद्धान्त माक्सवादको मर्म र चुरो कुरा भएको भन्दै किरणले जोड दिए 'तर यी संशोधनवादीहरू न त इतिहासको भौतिकवादी विवेचना गर्न तयार छन्, न त सामन्ती दलाल तथा नोकरशाही अर्थतन्त्रको चिरफार गरी जनवादी तथा समाजवादी अर्थतन्त्र निर्माणका लागि यो शोषणमूलक अर्थतन्त्रको अन्त्य गर्न नै तयार छन् । बरु उल्टै दलाल तथा नोकरशाही अर्थतन्त्रलाई समाजवादी अर्थतन्त्रको पगरी गुथाउँदै हिंड्न अभ्यस्त हुन थालेका छन् ।'

उनले संशोधनवादीहरूले निरन्तर सङ्घर्ष, सङ्घर्षमा श्रमको भूमिका र वर्गसङ्घर्षद्वारा उद्दात्त आदर्श साम्यवादको स्थापनाको बाटो त्यागिसकेको बताएका छन् । विगतको पृष्ठभूमिले जनतामा भ्रम पार्न निकै मद्दत पुर्‍याएको प्रसंग कोट्याउँदै महासचिव किरणले भने- 'हाल एउटै पार्टी नेकपा बनाएका २०२८ सालको झापा आन्दोलनबाट आएको एउटा समूह एमाले र जनयुद्ध र जनआन्दोलनबाट आएको माओवादी केन्द्रले आफूहरूलाई विगतको पृष्ठभूमि देखाउँदै कम्युनिस्ट पार्टी भनी जनतालाई ढाँटी नै रहेका छन् ।'

'यिनीहरूले भन्ने गरेको लोकतन्त्र त सन् १७८९ को फ्रान्सेली राज्यक्रान्तिको बेला भनिएको लोकतन्त्र हो, जो आजभन्दा २२९ वर्ष पुरानो छ भन्दै प्रमुख अतिथि किरणले थपे 'यो नेपालको सन्दर्भमा २१ औं शताब्दीमा आएर कसरी नयाँ भयो ? फ्रान्सको 'लोकतन्त्र' पछि विश्व पुँजीवादी साम्राज्यवादको लपेटामा पर्‍यो । त्यसका विरुद्ध सन् १९१९ मा अर्थात् १३० वर्षपछि आएर रुसमा लेनिनले समाजवादी क्रान्ति सम्पन्न गर्नुभयो र समाजवाद स्थापना गर्नुभयो । त्यतिले पनि पुगेन र चीनमा अर्धसामन्ती तथा अर्धऔपनिवेशिक समाजलाई रूपान्तरण गर्दै माओले सन् १९४९ अर्थात् फ्रान्सेली लोकतन्त्र आएको १६० वर्षपछि नयाँ जनवादी राज्यसत्ता स्थापना गर्नुभयो । आज सन् २०१८ चलिरहेको छ के आज २२९ वर्ष पुरानो लोकतन्त्र नेपालमा समाजवादको दिशामा अघि बढ्ला ? यो संशोधनवादीहरूको अधोगामी र पश्चगामी भ्रम मात्र हो ।'

कार्यक्रमका टिप्पणीकार प्राध्यापक डाक्टर कृष्ण बेलबासेले कार्लमार्क्सको २००औं वर्षविशेष कार्लमार्क्स पुस्तक विमोचन तथा अन्तरक्रिया कार्यक्रममा विमोचन गरिएको पुस्तकमाथि टिप्पणी गर्दै पुस्तक पठनीय र सङ्ग्रहनीय दुबै भएको भन्दै 'यो पुस्तकमा समावेश गरिएका लेखहरूले समसामयिकतामा अलि धेरै प्रकाश पार्न नसकेको बताए । मार्क्सवाद र वर्तमान नेपाली कम्युनिस्ट आन्दोलनसँग जोडिएका लेखहरू भए पनि वस्तुनिस्ठतामा केही कमी रहन गएको र मार्क्सवादका सबै पक्ष र पाटाहरूलाई समेट्न नसकिएको कुरामा जोड दिए । उनले जनयुद्धको विसर्जन हुनुमा प्रचण्ड एक्लै दोषी नभएका र अरुले पनि समयमै यो कुरा बुझ्न नसकेको पनि बताए ।

अर्का टिप्पणीकार प्राध्यापक डाक्टर ताराकान्त पाण्डेयले कार्लमार्क्सका ऐतिहासिक योगदानहरूलाई पुस्तकको रूप दिएकोमा आयोजकलाई धन्यवाद दिंदै मार्क्सवाद परिश्रम र निरन्तर संघर्षको प्रतिफल भएको कुरा बताए । नेपालमा चलेको जनयुद्धमा त्यति लामो र गहिरो बहस चल्न नसकेको र विषयवस्तुको गहिराइमा नपुगेर एउटा व्यक्ति विशेषलाई प्राधिकार बनाएको कुरामा नै त्रुटी रहेको बताउँदै प्रा.डा. पाण्डेयले आदर्शीकरणमा बढी जोड दिइएको कुरा औल्याए ।

राष्ट्रिय क्रान्तिकारी बुद्धिजीवी मञ्च नेपालका अध्यक्ष हुकुमबहादुर सिंहले सहभागी सबैलाई स्वागत गर्दै कार्लमार्क्स २०० वर्ष नामको पुस्तक लेखकहरूको संग्रह भएकाले उक्त पुस्तक सहकार्यको प्रतिफल भएको बताएका थिए ।

नेपाल राष्ट्रिय प्राध्यापक सङ्गठनका उपाध्यक्ष तथा सहप्राध्यापक लोकराज रेग्मीले कार्यक्रम सञ्चालनसँगै कार्लमार्क्सको २०० औं वर्षविशेष कार्लमार्क्स पुस्तक विमोचन तथा अन्तरक्रिया कार्यक्रमका बारेमा सहभागी सबैलाई जानकारी दिएका थिए । कार्यक्रमको अन्त्यमा कार्यक्रमका अध्यक्ष प्रा. डा. जगदीशचन्द्र भण्डारीले नेकपाका नाममा भ्रम छर्दै हिंडेका 'संसदीय डाम्ना'हरूको खेती लामो समयसम्म नचल्ने ठोकुवा गरेका थिए ।

वर्तमान...

तर इमान्दार जनतामा अझै पनि भ्रम दिन छाडेका छैनन् ।

सबैभन्दा पहिलो चुरो कुरा भनेको विस्तारवादका दलालहरूले जनताको संविधान बनाउन चाहेनन् । अझ भन्नुपर्दा विदेशीको इशारामा लागेर बनाउन दिएनन् । यतिबेला हाम्रा अगाडि एकथान संविधान त छ, तर जनविरोधी छ । त्यसैलाई अक्षरशः पालन गर्ने भनेको जनताप्रति दमन, उत्पीडन र शोषण गर्ने कामलाई अझ बढाउँदै लैजाने भन्ने नै हो । त्यति मात्र होइन, राष्ट्रघाती ठूला-ठूला सन्धिसम्झौताहरू विस्तारवादसँग गरेर देशलाई कमजोर बनाउने भनेको हो । आज उनीहरू सरकारमा गएको छोटो समयमा नै राष्ट्रघातका ठूला-ठूला निर्णयहरू गरेर देशलाई असाध्यै कमजोर बनाउँदै लगेका छन् । मजदुर-किसानका विगतका सामान्य अधिकारसमेत एकपछि अर्को गरी खोस्दै लगिरहेका छन् । राज्य सत्तामा दलालहरूको ठूलो बिगबिगी छ । देशको अर्थतन्त्र कसरी व्यक्तिको नाउँमा बनाउने र राष्ट्रिय अस्मिता कसरी र कस्को नेतृत्वमा कमजोर बनाउने भन्नेमा सत्तामा रहेकाहरूको होडबाजी चलिरहेको छ । विगतमा विस्तारवादीहरूसँग गरिएको असमान सन्धि सम्झौता खारेज गरेर समानताका आधारमा नयाँ सन्धि सम्झौता गर्नु त कता हो कता, बरु त्यसैलाई कार्यन्वयनमा निरन्तरता दिने अठोट गर्दैछन् । साथै, अन्य थुप्रै असमान प्रकारका सन्धिसम्झौतामा हस्ताक्षर गर्दै विस्तारवादको अगाडि घुँडा टेक्दै गइरहेका छन् ।

पहिलेका राजाहरू, राणाहरू, पञ्चायती सरकार र विगतका संसदीय सरकारहरूले गरेका सन्धि सम्झौताहरू भन्दा अझै खतरनाक प्रकारका सन्धि सम्झौताहरू गरिरहेका छन् । अरुण तेस्रो, माथिल्लो कर्णालीको सम्झौतादेखि हालै मात्र मोदी भ्रमणमा आउँदा हतियारसहितका भारतीय सेनाको नाङ्गो नाच राष्ट्रिय अस्मिता माथिको ठाडो हस्तक्षेप हामीले देखेका छौं । यो अत्यन्तै खतरनाक हस्तक्षेप हो ।

निर्वाचन लगतैबाट बढ्दै गरेको महङ्गी, कालाबजारी, तस्करी, भ्रष्टचारको उत्कर्ष बजेट भाषण पश्चात् अत्यन्तै बढेर गएको छ । मजदुर किसानको त कुरै छाडौं, जागीरे, साना व्यापारी लगायत मध्यमवर्गीय तप्कालेसमेत आफ्नो दिनदैनिकी चलाउन नसक्ने हालतमा पुगेका छन् । त्यसैले, यस विषयमा समेत क्रान्तिकारीहरूले एकपटक सोच्नै पर्ने आवश्यकता छ ।

४ अन्तमा

अबका दिनमा प्रतिक्रियावादी वर्गको दलाल पार्टीहरू, त्यसका नेताहरू र उनीहरूको सत्ता वा सरकारले गर्दै जाने भनेको महंगी, तस्करी, कालाबजारी, घुसखोरी हो । उनीहरूको गर्दै जाने भनेको शोषण, दमन, उत्पीडन हो । उनीहरूले गर्दै जाने भनेका ठूला-ठूला राष्ट्रघात र जनघात हो । संशोधनवादीहरूले, संसदवादीहरूले विश्वमा आजसम्म जे गर्दै आएका छन् आज पनि र भोली पनि उनीहरूले गर्ने त्यहि हो । सत्ताको दुरूपयोग गरेर केवल जनतामा व्यापक भ्रम पार्ने काम भने उनीहरूले गर्न सक्छन् तर त्यो भ्रम पनि क्रमिक रूपमा नाङ्गिदै जानेछ ।

ठीक यो अवस्थामा क्रान्तिकारीहरूले खास गरी माओवादीहरूले सचेतता पूर्वक उनीहरूको भ्रमर्ला पर्दाफास गर्ने, मजदुर किसान माथि मुख्य भर पर्दै समाजमा रहेका सबै उत्पीडित समुदायलाई गोलबन्द गर्दै छरिएर रहेका अन्य शक्तिहरूलाई बृहत मोर्चामा सामेल गर्न पहल गर्नु आवश्यक छ । साथै आफू मित्र रहेका अपुगताहरूलाई पूर्णता दिनु र वर्ग संघर्षका निमित्त आधारभूमि तयार पार्दै जान पनि त्यत्तिकै आवश्यक छ । यो नै यतिवेलाको आवश्यकता हो ।

बजेटको...

भन्नुपर्दा शोषक वर्गलाई नै फाइदा हुने नीति कार्यक्रम र बजेट ल्याएको छ । यस्तो नीति, कार्यक्रम र बजेट ल्याउनु उसको कर्तव्य नै हो । अहिले बहुमतको सरकार बनाएको पार्टी नेकपा (नेकपा) वास्तवमा दलाल नोकरशाह पुँजीपति र सामन्त वर्गकै स्वार्थ प्रतिनिधित्व गर्ने पार्टी हो । पार्टीको नाम कम्युनिस्ट पार्टी राखे पनि यसले तिनै शोषक वर्गको स्वार्थको प्रतिनिधित्व गर्दछ । यिनीहरूले यो काम आज मात्रै गरेका होइनन् । गत कालमा पनि उनीहरूले यही काम गर्दै आएका छन् । तत्कालिन नेकपा (एमाले) ०४६ सालपछि सरकारमा वा प्रमुख प्रतिपक्षमा हुँदै आएको छ । तत्कालिन नेकपा (माके) पनि ०६३ साल देखि त्यही अभिमतमा लागेको छ । ०४६ सालदेखि अहिलेसम्म मनमोहन अधिकारी, माधवकुमार नेपाल, झलनाथ खनाल, केपी ओली, पुष्पकमल दाहाल (प्रचण्ड) र बाबुराम गरी आफूलाई कम्युनिस्ट भन्नेहरू प्रधानमन्त्री भए । यी नेताहरू पदमा जान राप्रपासँग पनि मिले काङ्ग्रेससँग पनि मिले । यही कालमा नै मित्र राष्ट्रहरूको सहयोगमा बनेको राष्ट्रिय उद्योगहरू पनि समाप्त भए, महाकाली, पर कर्णाली, बिप्पा र अरुण तेस्रो जस्ता असमान सन्धि तथा सम्झौता पनि भए । यही कालमा सबैभन्दा बढी युवा शक्ति रोजगारको खोजीमा विदेश पलायन हुन पुग्यो । देशको आत्मनिर्भर अर्थतन्त्रको विकास हुन सकेन । देशको व्यापार घाटा बढ्दै गयो आदि आदि । यसले के कुरा प्रष्ट पार्छ भने यो नेकपा (नेकपा) भन्ने कम्युनिस्ट पार्टी होइन । कम्युनिस्ट पार्टीले त श्रमिक जनताका पक्षमा काम गर्दछ, तर गत कालमा तिनले यो काम गरेनन् र अब पनि गर्दैनन् ।

त्यसरी नै ०४६ सालदेखि अहिले चलिरहेको व्यवस्था संसदीय व्यवस्था हो । यो व्यवस्थाले पनि श्रमिक जनताको पक्षमा काम गर्दैन । त्यसकारण, यो व्यवस्थालाई साच्चि नै जनताको भनेर प्रचार गर्ने पार्टीहरूले कहिल्यै पनि जनताको पक्षमा आधारभूत कामहरू गर्न सक्दैनन् र गर्न चाहन्नन् पनि । तर जनतालाई झुक्काउन वा आफ्नो स्वार्थ पूरा गर्न निकै राम्रा कुराहरू पनि गर्दछन् । जस्तो चुनावको बेला वृद्ध भत्ता मासिक ५ हजार बनाउँछौ भन्ने तर अहिले बजेटमा राखेनन् । यिनीहरू जनतालाई झुक्काउन यति सिपालु छन् कि अब अर्को चुनाव आउनु भन्दा अगाडि केही रकम अवश्य बढाउने छन् ।

यातायात क्षेत्रमा सिन्डिकेट हटाएको कुरा खुब चर्चामा आएको छ । तर वास्तवमा सिन्डिकेटमा मुख्यतः पुँजीपतिहरूकै स्वार्थ टक्कराएको थियो । यातायात क्षेत्रमा लगानी गर्न चाहने नयाँ पुँजीपतिहरूलाई पुराना पुँजीपतिहरूले लगानी गर्न दिएका थिएनन् । अहिले सरकारको नयाँ पुँजीपतिहरूलाई साथ छ । यस प्रकारको सिन्डिकेट अरु क्षेत्रमा पनि तोडिदै लगिने भनिएको छ किनभने नयाँ पुँजीपति वर्गलाई पनि ठाउँ दिनै छ । यो सिन्डिकेट प्रणाली तोडेर आम सर्वसाधारण जनता र यातायात क्षेत्रका मजदुरहरूलाई केही पनि सुविधा बढेको छैन । यो मामिलामा सरकार आम श्रमिक जनताको पक्षमा होइन कि नयाँ पुँजीपति वर्गको पक्षमा लागेको मात्र हो ।

चुनावका समयमा यो सरकारले जति राम्रा राम्रा सपना बाँडे पनि व्यवहारमा उसले सबभन्दा पहिले जनतालाई महङ्गी दिएको छ । सिंहदरबारको भ्रष्टचार गाउँगाउँ पुऱ्याएको छ । जनताको भेला हुने, विरोध गर्ने, आफ्नो हक अधिकारको लागि सभा जुलुस गर्ने अधिकार खोस्दै छ । विरोध प्रदर्शन, धर्नाको लागि केही सिमित ठाउँ छुट्याउनु, पत्रकारले सत्य तथ्य प्रश्न सोध्यो भनेर टेलिभिजन कार्यक्रम नै बन्द गरेर पत्रकारको हक अधिकार हनन् गर्नु यो सरकारले नेपाली जनतालाई दिएको उपहार हो ।

दिनको सङ्केत बिहानीले दिन्छ भने झैं सरकारको यो छोटो अवधिको क्रियाकलापले अगाडि आउने जनताको समस्याहरूको सङ्केत गरिरहेको छ । समाजवादको नाममा जसरी हिटलर फासीवादी भएर निस्के, त्यसरी नै कतै नेपालमा पनि समाजवादको नाममा फाँसीवादतिर जाँदै त छैन भनि शङ्का उठ्ने अवस्था आएको छ । त्यसैले उनीहरूको जनविरोधी, राष्ट्रहित विरोधी सबै क्रियाकलापको विरुद्ध सङ्घर्ष गर्दै संसदीय व्यवस्थालाई ध्वस्त पारी नयाँ जनवादी क्रान्तिको तयारीमा लाग्नु आम नेपाली जनताको आजको कार्यभार हो ।

सरकारको...

तथा भ्रटाचार तथा अनियमितता दिएको' कुरामा जोड दिइन् । ओली सरकारको राष्ट्रवाद अब नाङ्गिइसकेको र जनसाधरणले पनि छर्लङ्गै देख्न सक्ने अवस्थामा उजागर भइसकेकाले यसका विरुद्ध सडक सङ्घर्ष एक मात्र विकल्प रहेको पनि बताइन् ।

अतिथि बक्ता नेकपाका उपाध्यक्ष लोकनारायण सुवेदीले भने- 'कथित वामपन्थी सरकारले चार महिना नकाट्दै पाँचपाँच पटक मूल्य वृद्धि गर्नु, दैनिक उपभोगका कामानहरू किन्न नसक्ने हुनु, देखाउनका लागि बजार अनुगमन गरिनु, कालो बजारी र तस्करीलाई सत्तासीनहरूका आयआर्जनका रूपमा अघि बढाउनु र उल्टै जनतालाई ढाँटेर भ्रष्टाचारमा शुन्य सहनशीलताको कुरा गर्नु' आम जनताका लागि सैह्य हुने कुराहरू होइनन् ।' उनले जोड दिए- 'यो सरकार न त वामपन्थीहरूको हो, न त राष्ट्रवादीहरूको नै, बरु यो मयुरको प्वाँख लगाएर सिंगारिएको काग हो । यो नक्कली राष्ट्रवादी र नक्कली वामपन्थी हो । यसले जनतालाई ढाँट्नका लागि कम्युनिस्ट नाम धारण गरेको हो ।'

उपस्थित सहभागीहरूलाई सम्बोधन गर्दै अर्का नेता तथा नेकपाका केन्द्रीय सदस्य रत्न जोशीले 'कम्युनिस्टको खोल ओढेको सरकारविरुद्ध एकीकृत ढङ्गले आन्दोलन लैजानुको विकल्प नरहेको' बताउँदै 'यो आन्दोलन जनसरोकारको आन्दोलनमा परिणत हुने' विश्वास व्यक्त गरे ।

विरोध कार्यक्रमको सञ्चालन नेकपा (क्रान्तिकारी माओवादी) का केन्द्रीय सदस्य शारदा महतले गरेकी थिइन् भने कार्यक्रमको अध्यक्षता मकर गुरुङले गरेका थिए ।

दुर्वाच्य

रामचन्द्र हुमागाई

मानव जीवनका थरिथरि रङ्ग

सन्सारका मानिसहरूमा थरिथरिका रङ्ग हुनेगर्छन् । रङ्ग भन्नाले कालो, रातो, पहेंलो, हरियो वा अन्य त्यस्तै रङ्ग होइन । विषेश गरि राजनीति रङ्गको चर्चा बढी हुनेगर्छ । उत्तर कोरियाका पुस्तैनी राष्ट्रपतिले तीनपुस्तापछि अमेरिकीहरूसँग रङ्ग बदले । केही महिना अगाडि मात्रै आणविक भट्टीको तनाव दिएर विश्वलाई त्राहिमाम बनाएका किमले एकाएक गतहप्ता मात्रै अमिरीकी राष्टपति रोनाल्ड ट्रम्पको पाउमा हतियाको साँचो विसाएर उनले मोटो शरिरको तौल हलुको वनाए, सायद विश्व शान्तिका लागि भनेर नै यसो गरेको हुनुपर्छ तर लिटिल माइण्ड भएकाहरूले पनि बुझ्ने कुरा हो, हतियार विसाउँदैमा शान्ति स्थापना हुँदैन, दिगो शान्तिका लागि जनताको दैनिक आवश्यकता परिपूर्ति हुनैपर्छ, जुन अहिले हुन सकेको छैन । हुँदा पनि हुदैन । होस पनि कसरी । विश्वमा सामन्तवादले पलेटी कसेको छ, सम्पन्नताको भोकमरी लागेको छ । को कहाँ कसरी सम्पन्न हुने होडवाजि चलेको छ । यही क्रममा उत्तर कोरियालाई घुँडा टेकाउन पाएको साम्राज्यवादी रमितामा विश्वका सर्वहाराका शोषसकहरू कुकुँच्चा घुमाएर नाचिरहेका छन् । नेपाल पनि यो खेलबाट चोखो रहन सकेको छैन ।

यसको उधाहरण नेपालका दुइवटा राजनीतिक पार्टीलाई लिन सकिन्छ । एक हालै निर्माण भएको नेपाल कम्युस्टि पार्टी र आफूलाई सबैभन्दा पुरानो ठान्ने नेपाली काँग्रेस । नेपाली काग्रेसको चर्चा गर्नुपर्दा सिधै भन्दाहुन्छ, यो पार्टी सामन्तवादको एउटा सग्लो उपहार हो । यसले देश र जनता लागि न हिजो केही गऱ्यो, न आज केही गरेको छ र न भोलि केही गर्छ । उसको विधान मै लेखिएको छ, यो पार्टी पुँजीपति उच्च सामन्त वर्गको पार्टी हो । यो शव्द पड्ने जो कोहीले पनि भन्नसक्छ सर्वहारा वर्गको वाहुल्यता भएको देशमा पुँजीपतिको पार्टी ? भनेर भन्नुपर्ने हुन्छ । खेत, किसान, हलो र कुटोकोदालो जसको हातमा छ उसले जीवमा हातमुख वाहेक केही गर्न सक्तैन । विश्व मान्यता पनि यही हो । र, नेपाली काँग्रेस भनेको सुकिला मुकिलाहरूको पार्टी हो । आक्लभ्कुक्ल गाऊँपाखा र पहराका मानिसहरू यो पार्टीमा लाग्नु भनेको आफ्नो धरातल नबुझ्नु हो ।

नयाँनिर्माण भएको नेपाल कम्युनिस्ट पार्टी यो नेपाली काँग्रेस भन्दा पनि खतरर्नाक छ । यसका सञ्चालकहरू यतिवेला के पी ओली र पुष्पकमल दाहाल छन् । केपी मा केही निष्ठा देखिएता पनि यिनका समश्य धेरै छन् । हुन त सर्वगुण सम्पन्न कोही पनि हुँदैन तर साज्यसत्ताको वागडोर सम्हाल्ने व्यक्तिमा काल्पनिक नै सही रामगुण चाहिन्छ । सत्ता सम्हालेको केही महिना मै उनको सामुहिक चरित्रमा केही कलँक लागिसकेको छ । यो कलँक पार्टीगत कलँक हो, उनले दुइचार ठाउँमा आफ्ना भरौटेहरूलाई भर्ना गरेर नैतिक चरित्र देखाइसेका छन् । राज्यसत्ता भनेको कुनै अमूक पार्टीको नीजि सम्पत्ती होइन भन्ने कुरामा ध्यान नदिने हो भने कदापि निस्कलँकित हुन सकिदैछ । हाम्रो काम भनेको गल्ती कम्जोरीलाई कोट्याएर औंला ठढ्याउनु हो, सचेत रहने वा नरहने सम्वन्धीत व्यक्ति को हो ।

बाँकी रहे पुष्पकमल दाहाल । यिनी अहिलेका नेपालका सबै भन्दा चतूर र चँख खेलाडि हुन । यिनी आफ्नो स्वार्थका लागि जे पनि भै दिन्छन् । जनयुद्धका सहयात्रीहरूलाई बिचवाटो मै लत्याएर यिनी सत्तालिप्सामा लागे, सबैलाई जानकारी भएकै कुरा हो । प्रधानमन्त्री हुन कै लागि सिद्धान्तलाई थाती राखेर नेपाली काँग्रेससँग गर्धन जोड्न पुगे, यो पनि सबैको जानरीमा रहेकै विषय हो । अहिले सिगैं पार्टीलाई लिएर पलायन भए, अब यिनको जाने ठाउँ कतै छैन । हुन त यिनले धेरैकुरा गुमाए । छोरो गुमाए, छोरी गुमाए र पनि राजनीतिमा अटेसमटेस भएर बसेका छन् । यसलाई एउटा धैर्यता नै मान्नु पर्छ तर नेताका लागि आम जनता छोरा वा छोरी जस्ता भएनन् भने त्यो नेता के नेता ?

हेर्दैजाउँ राजनीतिक गठबन्धन भखरै शूरु भएको छ, यो गाँठो कहिलेसम्म बाँधिने हो वा बिचैमा फुक्यो भने कुनै एक व्यक्ति मात्रै होइन, आम नेपाली दुर्घटनामा पर्न सक्छन् ।

आरामदायी र भरपर्दो यात्राका लागि हामीलाई सम्झनुहोस् ।
मितेरी यातायात एण्ड अटो प्रा.लि.
प्रधान कार्यालय : कलंकी, काठमाडौं
फोन नं. : ०१-५२२५२८१, ५२२५०३४
बिक्की शर्मा गुरागाँई (९८५११९५८८९)
तेह्रथुम सम्पर्क : डिल्लराम रेग्मी (९८५२०६०२५४)
फोन नं. : ०२६-४६०२५४
कृपया, टिकट र रिजर्भका लागि हामीलाई सम्झनुहोस् ।

आरामदायी र भरपर्दो यात्राका लागि हामीलाई सम्झनुहोस् ।
नारायणी यातायात व्यवसायी संघद्वारा संचालित
टाटा सुमो सेवा
काठमाडौंबाट- हेटौंडा, बीरगंज, चपुर, निजगढ, रानपुर
फोन नं. : ०१-५१८७२५६
बल्खु, काठमाडौं ।

रोयल बुईपा A/C जम्बो हाईस
गाईघाट-लहान-खुर्कोट हुँदै काठमाडौंसम्म
काठमाडौं सम्पर्क नम्बर
बसन्त खड्का - ९८४२८३७७९३
- ९८१७७१९६९७
इन्द्र कट्टेल - ९८१८४१५२९०
गाईघाट सम्पर्क नम्बर
फोन नं. ०३५-४२१६४३
पुरुषोत्तम खनाल - ९८५२८३५६९०
- ९८१५७८४८७४
दैनिक दिवा सेवा तथा आरामदायी र भरपर्दो यात्राको लागि हामीलाई सम्झनुहोस् ।

हिमाल-तराई यातायात सेवा समिति
यहाँ काठमाडौंबाट सिन्धुली, बर्दियावास, ढल्के, जनकपुर, जलेश्वर, लालबन्दी, बयलवास, रामेछाप, मन्थली, च्यास्कु, भालुथोक, घुर्मी, बेतिनी, कटारी, गाईघाट, जयराम, हलेसी, दिक्तेल, मानेभञ्जाङ, ओखलढुंगा, सोलु, सल्लेरी, भीमान, मरिन, डकाहासम्मको टिकट पाइन्छ ।
टाटासुमो बोलेरो
काठमाडौं फोन
१-५१००४९४
९८४११०६९६७
(सञ्जीव भण्डारी)
९८४४४०३१५९
(शम्भु थापा)
(रिजर्भ चाहिएमा)
सिन्धुली फोन
०४७-५२११६९
०४७-६९१३३२
९७४४०२२७३५
९८४४२५२३८५
९८१२०७५६९८
९८६०१०२७३७
९८४४०८४०
रिजर्भ चाहिएमा सम्पर्क
सानोभाई फल

आलोपालो

कार्यदिशा, संगठन र संघर्षको अन्तरसम्बन्ध

● प्रेम सुवेदी

"सामान्य कार्यदिशाको पक्षमा हुने राम्रा प्रस्ताव र घोषणाहरू सुरुवात मात्र हुन् । तिनले विजय स्वयमूलाई होइन, बरु विजयको ईच्छालाई मात्र व्यक्त गर्दछन् । सही कार्यदिशाको प्रतिपादन भई सकेपछि, समस्याको सही समाधान पत्ता लागेपछि कस्तो ढङ्गको सङ्गठन गरिएको छ भन्ने कुरामाथि पार्टी कार्यदिशाको प्रयोगको लागि सङ्घर्षको सङ्गठन तथा कार्यकर्ताको उचित छनौट र नेतृत्वकारी निकायहरूको निर्णयको सिद्धिमा गरिने निरीक्षणको ढङ्गमाथि सफलता निर्भर गर्दछ । नत्रभने पार्टीको सही कार्यदिशा र समाधान गम्भीर रूपले कमजोर हुने खतरा रहन्छ ।" -स्टालिन

पार्टीको कार्यदिशा, पार्टी सङ्गठन तथा सङ्घर्षका सन्दर्भमा व्यक्त गरिएका उपरोक्त भनाइ हाम्रालागि ज्यादै महत्वपूर्ण छन् । यी विषयमा कम्युनिस्ट आन्दोलनका अभियान्ताहरूले उच्च महत्व दिनु पर्दछ । आम कार्यदिशा निश्चित गर्ने कुराको जति महत्व छ, त्यतिकै महत्व सङ्गठन र सङ्घर्षका कार्यक्रमको छ भन्ने कुरा उपरोक्त भनाइले स्पष्ट गर्दछ । कार्यदिशाले निश्चित गरेका उद्देश्यहरूको प्राप्ति सङ्गठन र सङ्घर्षको योजनामा निर्भर हुने भएकोले उपरोक्त तिनवटै विषयमा ध्यान दिन जरुरी छ । निश्चय नै त्यसको प्रस्थानविन्दु स्वभाविक रूपमा कार्यदिशा नै हो र त्यसको प्रकाशमा सङ्गठन र सङ्घर्षसम्बन्धी योजना तय गर्नु पर्दछ ।

आज हाम्रो मुख्य समस्या कार्यदिशा निर्माणमा भन्दा सङ्गठन र सङ्घर्ष सम्बन्धमा प्रमुख बन्न गएको छ । नेपाल कम्युनिस्ट पार्टी (क्रान्तिकारी माओवादी) ले कार्यदिशा सम्बन्धमा उठाउँदै आएका समस्याहरूलाई मूलभूत रूपमा पोखरा सम्मेलनद्वारा एक प्रकारले समाधान गरिदैं आम तथा ठोस नीति निश्चित गरेको त्यो नीतिलाई कार्यन्वयन गर्ने सशक्त सङ्गठन र सङ्घर्षका लागि पनि मोटो रूपमा हामीले दृष्टिकोण बनाएका छौं । तर, त्यो दृष्टिकोणलाई कार्यन्वयन गर्ने प्रश्नसँग धेरै जटिलताहरू हाम्रो अगाडि छन् ।

कम्युनिस्ट आन्दोलनमा देखापर्दै आएका गलत चिन्तन, दृष्टिकोण र सोचाइबाट हाम्रो पार्टी सम्पूर्ण रूपमा मुक्त छैन । तसर्थ, पार्टीले निश्चित गरेका क्रान्तिकारी कार्यदिशालाई कार्यन्वयन गर्ने साधन भनेको मुख्य रूपमा पार्टी सङ्गठन भएकाले त्यसलाई व्यवस्थित र सुदृढ गर्ने कुरा हाम्रो आजको प्राथमिकता हो । त्यसका लागि पार्टीले गत केही समयदेखि पार्टी सुदृढीकरण तथा जनपरिचालन अभियान सञ्चालन गर्दै आएको छ, तर त्यो अभियान सोचे जस्तो सफल हुन नसके पनि त्यसले सङ्गठन विस्तार तथा सुदृढीकरणमा केही सकारात्मक परिणाम दिएको छ । पार्टीका नीति कार्यक्रम तथा योजनाअनुसार पार्टी पङ्क्तिले आत्मसात् गर्न नसक्नुका पछाडिका कारणहरूलाई राम्ररी खोजी गरेर त्यसको समाधान गर्न जरुरी छ ।

पार्टीको वैचारिक धरातल र पार्टी सदस्यहरूको चिन्तनमा रहेको अन्तर अहिलेको पहिलो समस्या हो । समग्रमा पार्टीको क्रान्तिकारी विचार या नेता कार्यकर्तामा रहेको निम्न पुँजीवादी चिन्तनले हाम्रो कैयौं निर्णयहरू कार्यन्वयनमा समस्या उत्पन्न गराएका छन् । त्यति मात्र कारण होइन, अरु कैयौ कारणहरूले पनि हाम्रा काममा बाधा पुऱ्याउँदै आएका छन् । ती सबै विषयमा हामीले गम्भीर भएर निश्कर्ष निकाल्नु पर्दछ । सर्वहारावादी आन्दोलनको नेतृत्व गर्ने पार्टी पङ्क्ति मुख्यतः वैचारिक र राजनैतिक हिसाबले स्पष्ट हुन सकेन भने स्वभाविक रूपमा सङ्गठन र सङ्घर्षको क्षेत्रमा अपक्षेति सफलता प्राप्त गर्न सकिदैन । सङ्गठनको काममा देखिएका समस्याहरूलाई मात्र प्राविधिक विषयमा हल गर्ने कुराले समाधान दिन सकिदैन । तसर्थ, सङ्गठनको कामको मूल्याङ्कन गर्ने क्रममा पार्टी सदस्य, नेता या कार्यकर्ताहरूको वैचारिक स्तर उन्नतिका लागि पनि त्यतिकै ध्यान दिन जरुरी देखिन्छ ।

सामन्यतया आन्दोलनको उभारको क्रममा सक्रिय हुने र उतारको बेलामा निराश हुने जुन मनोवृत्ति छ, यो आफैमा विचारधारात्मक समस्या पनि हो । एउटा कम्युनिस्ट पार्टीको सदस्यले अनुकूलता र प्रतिकूलतालाई आधार बनाएर सक्रिय र निस्क्रिय हुने कुरा हुनै सक्दैन । तर, आज यो विषय नै गम्भीर बनेको छ । यस प्रकारको स्थितिमा एकातिर पार्टी पङ्क्तिमा रहेको निराशा र अकर्मण्यतालाई तोड्न जबर्जस्त तरङ्ग पैदा गर्नु परेको छ भने अर्कोतिर कम्युनिस्ट आन्दोलनप्रति सद्भाव राख्ने जनता तथा शुभचिन्तकलाई नयाँ भर्ति गर्ने कुरामा ध्यान दिन आवश्यक छ ।

पार्टी निर्माणको कार्य सामान्य औपचारिकताका आधारमा मात्र हुने स्थिति देखिदैन । त्यसैले, आन्तरिक पङ्क्तिलाई औपचारिक सङ्गठनात्मक प्रणालीद्वारा सुदृढीकरण गर्न निरन्तर प्रयत्न गर्नुका साथै पार्टीभन्दा बाहिर रहेको ठूलो शक्तिलाई सङ्गठित गर्न आम बहस चलाउँदै कम्युनिस्ट पार्टी निर्माणमा जोड्नु पर्ने परिस्थिति देखिन्छ । आज कैयौं इमान्दार क्रान्तिकारी मान्छे विभिन्न अवसरवादी धारामा समाहित भएको यथार्थताप्रति पनि हामीले छलफल गर्न तयार हुनु पर्दछ ।

निश्चय नै यो विषयलाई नीतिगत रूपमा हामीले स्वीकार गरेर नै छरिएर रहेका सबै कम्युनिस्ट समूह तथा व्यक्तिलाई एकताबद्ध गर्न पार्टी एकता तथा ध्रुवीकरण गर्न अपिल गर्दै आएका छौं । त्यो नीतिलाई आम बहसको विषय बनाउँदै कम्युनिस्ट आन्दोलनको नेतृत्व गर्ने जिम्मेवारी इतिहासले हामीलाई सुम्पेको छ । त्यो जिम्मेवारी पूरा गर्न तथा कम्युनिस्ट आन्दोलनलाई नयाँ उचाइमा उठाउन सङ्कल्प गरेर त्यो जिम्मेवारी पूरा गर्न सकिने छ ।

पार्टीको आम कार्यदिशाले जुन दिशानिर्देश गरेको छ, त्यो उद्देश्य प्राप्तिका लागि सङ्गठन र सङ्घर्षसम्बन्धी ठोस योजना तथा कार्यक्रमको समुचित कार्यविभाजन गरी समाधन गर्दै जाने कुरामा पार्टीले ध्यान दिनुपर्ने छ । पार्टीले यस विषयलाई गम्भीर रूपमा लिएर आफ्ना नीति कार्यक्रम बनाउँदै आए पनि त्यसले अपेक्षाअनुरूप सफलता प्राप्त गर्न नसक्नुका पछाडिका कारणहरूलाई खोज्दै नयाँ निस्कर्षका साथ अगाडि बढ्नु पर्ने देखिन्छ ।

प्रचण्डले क्रान्तिको कुरा गर्दा गर्दै पार्टीलाई एमालेमा विलय गराए : *गजुरेल*

चितवन । नेपाल कम्युनिष्ट पार्टी (क्रान्तिकारी माओवादी)का स्थायी समिति सदस्य तथा देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपालका अध्यक्ष सीपी गजुरेलले तत्कालीन माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डले क्रान्तिको कुरा गर्दा गर्दै पार्टीलाई एमालेमा विलय गराएको आरोप लगाउनु भएको छ । पार्टीको चितवन जिल्लाको नवौं अधिवेशनको उद्घाटन गर्दै अध्यक्ष गजुरेलले सरकारले प्रस्तुत गरेको नीति तथा कार्यक्रम र बजेटले ओली नेतृत्वको सरकारबाट मुलुकको समृद्धि र स्थायित्व सम्भव छैन भन्ने कुरा प्रष्ट पारेको दावी गर्नुभयो । उहाँले प्रश्न गर्नुभयो, 'बजेटमा विकास खर्चतर्फ जम्मा २३ प्रतिशत छुट्याएर विकास र समृद्धिको हावादारी कुरा गर्ने ?' उहाँले ओलीको भारत भ्रमण र मोदीको नेपाल भ्रमणका क्रममा ओलीले देखाएका लम्पसारवादी चरित्र र क्रियाकलापले उनको नक्कली र ढोंगी राष्ट्रवादको मुकुण्डो राम्रैसँग उतारिएको बताउनु भयो ।

पार्टी स्थायी समिति सदस्य तथा ३ नं. प्रदेश इन्चार्ज राजवीरले नेकपा (ने क पा) वास्तविक अर्थमा कम्युनिष्ट पार्टी नभएको दावी गर्दै उसले देश र जनताको हितमा काम गर्न नसक्ने बताउनु भयो । उहाँले नयाँ जनवादी क्रान्तिका लागि अनुशासित र मिलिट्यान्ट पार्टी निर्माणको आवश्यता रहेको पनि बताउनु भयो ।

पार्टी केस तथा जिल्ला इन्चार्ज अन्जनाको अध्यक्षतामा सम्पन्न भएको अधिवेशनमा अनेकिसंघ (क्रान्तिकारी) का अध्यक्ष भूमिश्वर कँडेलगायतले शुभकामना मन्तव्य दिनु भएको थियो । अधिवेशनमा जिल्ला कार्यालय सदस्य हेमन्तले स्वागत मन्तव्य राख्नुभएको थियो । उक्त कार्यक्रममा प्रमुख अतिथि अध्यक्ष गजुरेलले जनकवि इश्वरी ओझालाई अभिनन्दन गर्नुभएको थियो भने कार्यक्रममा पुराना कम्युनिष्ट नेता जगत श्रेष्ठको समेत उपस्थिति रहेको थियो ।

अधिवेशनको वन्द सत्रले ३९ जनाको जिल्ला समिति निर्वाचित गरेको छ । निर्वाचित समितिको पहिलो बैठकले जिल्ला सेक्रेटरीमा हेमन्तलाई चयन गरेको छ । निर्वाचित समितिलाई सपथ खुवाउँदै पार्टी स्थायी समिति सदस्य तथा ३ नं. प्रदेश इन्चार्ज राजवीरले बधाई दिनुभयो ।

शान्तिपूर्ण भेला प्रदर्शनमा लगाइएको प्रतिबन्ध खारेज गर्न माग गर्दै देजमो काठमाडौंले बुझायो सिडिओलाई ज्ञापनपत्र

काठमाडौं । देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपाल काठमाडौं जिल्ला समितिले शुक्रबार दिउँसो काठमाडौं जिल्लाका प्रमुख जिल्ला अधिकारीसमक्ष एक ज्ञापनपत्र बुझाएको छ । ओली सरकारले सार्वजनिक स्थानहरुमा सभा, सम्मेलन, भेला तथा प्रदर्शनका गतिविधिहरुमाथि पूर्णतया रोक लगाउँदै सरकारले तोकेको भनिएका केही निश्चित स्थानहरुमा मात्र उक्त कार्यक्रमहरु गर्न पाउने भनी गरिएको निर्णयप्रति मोर्चाको गम्भीर ध्यानाकर्षण भएको बताइएको छ ।

मोर्चाद्वारा प्रमुख जिल्ला अधिकारी समक्ष बुझाइएको ज्ञापनपत्रमा भनिएको छ - 'हालै नेपाल सरकारको तर्फबाट ओली सरकारले निर्धारण गरिएका काठमाडौंका निश्चित स्थानमा बाहेक धर्ना, जुलुसका साथै भेला, सभा, सम्मेलन र प्रदर्शन गर्न नपाउने गरी गरिएको निर्णय तथा जिल्ला प्रशासन कार्यालय काठमाडौंले पनि २०७५ असार १ गतेदेखि लागू हुने गरी राजनैतिक, सामाजिक र सांस्कृतिक प्रदर्शनका निम्ति निश्चित स्थानहरु निर्धारण गरिएको र यसबाहेका स्थानमा सम्पूर्ण गतिविधिमा रोक लगाउने गरी गरिएको निर्णयबारे हाम्रो संगठन खेद प्रकट गर्दछ ।'

विज्ञपप्तिमा थप भनिएको छ असार १ गतेदेखि लागू हुनेगरि गरिएको काठमाडौं जिल्लाका निश्चित स्थानहरुमा मात्र धर्ना, जुलुस र प्रदर्शन गर्न पाउने अलोकतान्त्रिक र असंवैधानिक निर्णय तुरुन्त खारेज गरियोस् भपि ध्यानाकर्षण गराउँन चाहन्छौं ।

मोर्चाका काठमाडौंका अध्यक्ष खगेन्द्र छन्त्यालको नेतृत्वमा ११ जनाको टोली बबरमहलस्थित जिल्ला प्रशासन कार्यालयमा ज्ञापनपत्र बुझाउन पुगेको थियो । त्यहाँ पुगेपछि सुरुमा परिचयात्मक कार्यक्रम सहित छलफलको प्रक्रिया सुरु हुनु अघि मोर्चाका अध्यक्ष खगेन्द्र छन्त्यालद्वारा ज्ञापनपत्र पढेर सुनाइएको थियो । ज्ञापनपत्रका बारेमा सुरेश श्रेष्ठले पर्याप्त प्रकाश पार्दै शानितपूर्ण भेला, सभा, सम्मेलन, विरोध प्रदर्शन गणतान्त्रिक शासन व्यवस्था भएको वर्तमान अवस्थामा जनताका प्रजातान्त्रिक हक अधिकारहरु हुन् तर यी सबै हक अधिकारलाई हनन गर्ने गरी वर्तमान सरकारी निर्णय बाहिर आएकाले सो को खारेजीको जोगदार माग गर्नुभयो ।

मोर्चाका तर्फबाट कुरा सुनेपछि प्रमुख जिल्ला अधिकारीले भने 'यो सरकार र राज्यले गरेको निर्णय हो जिल्ला स्तरबाट गरिएको निर्णय होइन । मेरो काम कर्तव्य पनि यसको पालाना गर्नु र कार्यान्वयन गर्नु गराउनु हो । म राज्यले बनाएको नीति र निर्देशन अनुसार चल्नु पर्छ । यसका साथै म जनता पनि हुँ र जनताका छोराछोरी पनि हुँ त्यसैले मैले यो निर्णयलाई संशोधन र परिमार्जन गर्ने वा सभा सम्मेलन गर्ने स्थानहरु थप बढाउने कुरामा सम्बन्धित निकायमा कुरा पुऱ्याउन सक्छु । तर खारेजीको कुरा म बाट हुन सक्दैन ।' उनले सरकारी स्तरबाट गरिएको यो निर्णय केवल काठमाडौंका लागि होइन बरु देशभरका लागि पनि हो भनेर थप प्रस्ट बनाए ।

मोर्चाका अध्यक्ष खगेन्द्र छन्त्यालसँग थप कुराकानी बुझ्न खोज्दा उनले भने यदि वर्तमान ओली सरकारले हाम्रो ज्ञापनपत्रमा भनिए झैं शान्तिपूर्ण रुपमा भेला हुने र विरोध प्रदर्शन गर्न पाउने नागरिकको लोकतान्त्रिक र संविधान प्रद्धत्त मौलिक अधिकारमाथि राज्यको अतिक्रमण फिर्ता लिइनुको सट्टा कायमै राखिन्छ भनी सशक्त जनप्रतिरोधको कामलाई गम्भीरताका साथ अघि बढाइने छ ।

टंकराम बने क्रान्तिकारी माओवादी काभ्रेको सेक्रेटरी

काभ्रे । नेकपा (क्रान्तिकारी माओवादी) काभ्रेको आठौं जिल्ला अधिवेशन बिहीबार सम्पन्न भएको छ । सम्पन्न अधिवेशनले २३ पूर्ण र ४ वैकल्पिक गरी २७ सदस्यीय जिल्ला कमिटि निर्वाचित गरेको छ । निर्वाचित कमिटिको पहिलो बैठकले सेक्रेटरीमा टंकरामलाई चयन गरेको छ । पार्टी पीबीएम प्रभाकिरणको प्रमुख आतिथ्यतामा सम्पन्न अधिवेशनको सभापतित्व सोमानले गरेका थिए ।

प्रताप स्मृति दिवससँगै दोलखाको दोस्रो जिल्ला भेला सम्पन्न

दोलखा । जनयुद्धका शहीद रितबहादुर खड्का 'प्रताप'को १७ औं स्मृति दिवसको अवसर पारेर नेकपा (क्रान्तिकारी माओवादी) दोलखाले दोस्रो जिल्ला भेला सम्पन्न गरेको छ । पार्टी पीबीएम प्रभाकिरणको प्रमुख आतिथ्यतामा जिल्लाको चरिकोटमा शनिबार सम्पन्न भेलाले अभियानको नेतृत्वमा १३ सदस्यीय जिल्ला कमिटि निर्माण गरेको छ ।

उक्त भेलाको सभापतित्व जिल्ला पार्टी इन्चार्ज गोविन्दले गरेका थिए भने अतिथिमा पार्टी केस पूर्णबहादुर खड्का, क्रान्तिकारी युवा लिगका केन्द्रीय अध्यक्ष अमीर महर्जन लगायतका नेताहरूको उपस्थिति रहेको थियो । भेलाका सञ्चालन अभियानले गरेको थिए ।

देजमो काठमाडौंको ३ नं. इलाका भेला सम्पन्न

काठमाडौं । काठमाडौं जिल्ला इलाका नं. ३ को देजमोको भेला सम्पन्न भएको छ । भेलाले गोपाल दास श्रेष्ठको अध्यक्षतामा ९ सदस्यीय ३ नं. इलाका कमिटि गठन गरेको छ । उक्त कमिटिको सचिवमा धनकुमार श्रेष्ठ र सदस्यहरूमा भागवत नरसिंह प्रधान, भक्तबहादुर सुनार, नीमबहादुर गुरुङ, उमेश श्रेष्ठ, जीतबहादुर देवकोटा, खड्ग श्रेष्ठ र सञ्जय शाही रहेका छन् ।

सो भेलाको प्रमुख आतिथि देजमो काठमाडौं अध्यक्ष खगेन्द्र छन्त्याल, अतिथिमा देजमो काठमाडौं जिल्ला कोषाध्यक्ष ढोगप्रसाद अधिकारी थिए । भागवत नरसिंह प्रधानले सञ्चालन गरेको उक्त कार्यक्रममा बन्दुदेव पाण्डेले शुभकामना मन्तव्य राखेका थिए ।

क्रान्तिकारी माओवादी ललितपुरको महालक्ष्मी नगर सेक्रेटरीमा केके मल्ल

ललितपुर । नेकपा (क्रान्तिकारी माओवादी) ललितपुरको महालक्ष्मी नगरपालिकाको सेक्रेटरीमा केके मल्ल निर्वाचित भएका छन् । पार्टी स्थायी समिति सदस्य गौरवको प्रमुख आतिथ्यतामा सम्पन्न नगर अधिवेशनले मल्ललाई सेक्रेटरीमा निर्वाचित गरेको हो । १६ जेठमा सम्पन्न उक्त अधिवेशनले २ सदस्यीय पछि थप्ने गरी १७ सदस्यीय नगर कमिटि निर्वाचित गरेको थियो । उक्त अधिवेशनमा पार्टी स्थायी समिति राजवीर, पिविएम प्रभाकिरण, जिल्ला इन्चार्ज भरत, सेक्रेटरी श्याम, इन्दिरालगायतका नेताहरूको उपस्थिति रहेको थियो । जिल्ला सचिवालय सदस्य कुमारले सञ्चालन गरेको उक्त अधिवशेनको अध्यक्षता अर्जुनले गरेका थिए ।

अनेमसंघ (क्रान्तिकारी)को टोखा नगर कमिटी गठन

● बद्रीहरि नेपाल

काठमाडौं । नेपाल कम्युनिस्ट पार्टी (क्रान्तिकारी माओवादी) निकट महिलाहरूको भेलाले १५ सदस्यीय अखिल नेपाल महिला संघ (क्रान्तिकारी) टोखा नगर कमिटी गठन गरेको छ । जसमा अध्यक्षमा रूपा अधिकारी रिजाल, उपाध्यक्षमा कमला राई, सचिवमा छिरिङ्ग आङ्गबु शेर्पा, कोषाध्यक्षमा केनुकला राई रहेका छन् भने सदस्यहरूमा शान्ति लामा, पार्बती श्रेष्ठ, सुनिता पाहाङ्गो, हरिकला सिग्देल, शान्ति राई, दुर्गादिवी गुरुङ्ग, लक्ष्मी तामाङ्ग, सबिना देबकोटालगायत रहेका छन् ।

अखिल नेपाल महिला संघ (क्रान्तिकारी)की काठमाण्डौं जिल्ला उपाध्यक्ष सुमित्रा न्यौपानेको अध्यक्षता तथा अखिल नेपाल महिला संघ (क्रान्तिकारी) की केन्द्रीय सचिव शारदा महतको प्रमुख आतिथ्यमा सम्पन्न भएको उक्त भेलालाई देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपाल (देजमो) टोखा नगर कमिटीका सचिव बद्रीहरि नेपालले स्वागत मन्तब्य राखेका थिए भने नेकपा (क्रान्तिकारी माओवादी) टोखा नगर कमिटीका ईन्चार्ज कृपशले नवगठित कमिटीलाई शुभकामना मनतव्य दिए । अतिथिको रूपमा रहेका देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपाल (देजमो) टोखा नगर अध्यक्ष गोपाल कार्की लगायतले परिचयात्मक रिपोर्टिङ्ग राखेका थिए ।

भेलाकी प्रमुख अतिथि महतले अझै पनि नेपाली महिलाहरू सबै किसिमका उत्पीडनबाट मुक्ति पाइनसकेकोले सबै महिलाहरू क्रान्तिकारी धारमा आवद्ध भई नयाँ जनवादी क्रान्तिको तयारीमा लाग्नु पर्ने धारणा राखेकी थिइन् ।

क्रान्तिकारी पत्रकार महासंघ काठमाडौंले भेला गर्ने

काठमाडौं । क्रान्तिकारी पत्रकार महासंघ काठमाडौंको पुनर्गठित जिल्ला समितिको दोस्रो बैठकले साउन १२ गते जिल्ला भेला गर्ने निर्णय गरेको छ । शुक्रबार बसेको बैठकले प्रेस तथा अभिव्यक्ति स्वतन्त्रतालगायत पत्रकारहरुको पेशागत मुद्दाहरुको विषयमा अन्तर्क्रिया गर्ने लगायतका कार्यक्रमहरु समेत तय गरेको छ ।

महासंघका केन्द्रीय अध्यक्ष इन्द्र राउतको मुख्य उपस्थितिमा बसेको बैठकले श्रमजीवी पत्रकार ऐनको कार्यान्वयन, प्रेस तथा अभिव्यक्ति स्वतन्त्रता, साना तथा जनपक्षीय मिडियाको संरक्षण संवर्द्धन, पत्रपत्रिकाको बर्गीकरण तथा समानुपातिक विज्ञापनको विषयमा केन्द्रित रहेर विभिन्न कार्यक्रमहरु गर्ने निर्णय पनि लिएको छ ।

बैठकमा नेकपा (क्रान्तिकारी माओवादी)का काठमाडौं इन्चार्ज सुरेश श्रेष्ठ, सेक्रेटरी सरु, देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपालका काठमाडौं अध्यक्ष खगेन्द्र छन्त्याल लगायतका नेताहरुको उपस्थिति रहेको थियो ।

Gulf®
गल्फ लुब्रिकेन्ट सधैं प्रयोग गरौं ।

प्रकाशक : रामसिंह बुढाथोकी, **प्रबन्ध निर्देशक** : बद्री बजगाईं, **सम्पादक** : इन्द्रबहादुर राउत, **सहसम्पादक** : सचिरनन्द महर्जन, फोटोः जय दाहाल, **कार्यालय** : बुद्धनगर, काठमाडौं, **सम्पर्क नं.** : ०१-४७८५७६३/९८५११३४८३०, **इमेल** : bargadristi073@gmail.com, **मुद्रण** : सुजल अफसेट प्रेस, बागबजार, काठमाडौं ।